# अध्याय एक

# शोधपत्रको परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **"प्रवेशिका परीक्षा २०६७ का पाँच विकास क्षेत्रका अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन"** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको कोर्स नं. ५९८ को प्रयोजनका लागि तयार गरिएको छ ।

## १.३ समस्याकथन

यो शोध शीर्षक निम्नलिखित समस्याकथनमा केन्द्रित रहको छ :

क. प्रवेशिका परीक्षा २०६७ का पाँच विकास क्षैत्रका अनिवार्य नेपाली विषयका प्रश्नहरूको बाह्य वैधताका आधारमा भाषिक सीप मापनका दृष्टिले उपयुक्त छन् ?

ख. अनिवार्य नेपाली विषयका प्रश्नहरूले आन्तरिक आधारमा माध्यमिक तहको पाठ्यक्रमअनुसार विद्यार्थीको भाषिक क्षमता मापन गर्न सकेका छन् ? छैनन् ?

ग. माध्यमिक तहको विशिष्टीकरण तालिकाअनुसार प्रश्नहरू निर्माण भएका छन् ?

## १.४ शोधअध्ययनको उद्देश्य

प्रस्तुत शोध अध्ययनका उद्देश्यहरू निम्नानुसार छन् :

क. अनिवार्य नेपाली विषयका प्रश्नहरूको बाह्य वैधताका आधारमा भाषिक सीप मापनका दृष्टिले उपयुक्तता पत्ता लगाउनु,

ख. आन्तरिक आधारमा अनिवार्य नेपाली विषयका प्रश्नहरूले माध्यमिक तहको पाठ्यक्रमअनुसार विद्यार्थीको भाषिक क्षमता मापनको स्थिति पत्ता लगाउनु,

ग. माध्यमिक तहको विशिष्टीकरण तालिकाअनुरूप प्रश्नहरू निर्माण भए नभएको पत्ता लगाउनु,

## १.५ पूर्वकार्यको समीक्षा

प्रश्न विश्लेषणसँग सम्बन्धित भएर विभिन्न अनुसन्धानहरू सम्पन्न भएका छन् । यसै क्रममा माधवप्रसाद पौडेलद्वारा जिल्ला स्तरीय परीक्षा २०५१ मा उपयोग गरिएको कक्षा आठको नेपाली भाषा विषयको प्रश्नहरूको विश्लेषण, शीर्षकमा शोधपत्र तयार भएको पाइन्छ । उक्त शोधपत्र जिल्लास्तरीय परीक्षा २०५८ मा उपयोग गरिएका विभिन्न जिल्लाका कक्षा ८ का नेपाली भाषाका प्रश्नपत्रमा तुलनात्मक र सैद्धान्तिक निष्कर्ष र सुझावहरू दिने जस्ता उद्देश्यमा आधारित देखिन्छ । उक्त शोधपत्रमा दिइएका निर्देशनहरू अस्पष्ट एवम् त्रुटिपूर्ण रहेको, प्रश्नपत्र निर्माणमा पाठ्यक्रमअनुरूपतालाई ध्यान नदिइएको जस्ता निष्कर्षहरू रहेका देखिन्छन् (पौडेल, २०५१ : ३९) ।

यसैगरी प्रवेशिका स्तरका प्रश्नहरूको निर्माण र परिमार्जनका सन्दर्भमा (२०२८-२०३२) पूर्व र पछिका प्रश्नमा केही फरकपन आएको देखिन्छ । २०२७ पूर्वका प्रश्नहरू साहित्य र संज्ञात्मक सीपमा बढी केन्द्रित रहेको देखिन्छ । भाषिक सम्पादन, उत्पादन र प्रयोग तर्फ नभएर पहिचान र स्मरण कण्ठस्थीकरण कुशलतामा लक्षित रहेको पाइन्छ । २०२८ को परिवर्तनपछि नेपाली भाषा प्रश्न निर्माणमा अध्ययन र विश्लेषणका आधार नबनाएर सीमित समय र शक्तिको प्रयोगबाट प्रश्नहरू निर्माण गरेको देखिन्छ । पाठ्यक्रमको मार्गअनुरूप प्रश्न बन्न नसक्नु, प्रश्नहरू बहुमुखी बन्नु, समय र अङ्कभारमा सन्तुलन नहुनु, भाषिक निर्देशनमा आन्तरिक र बाह्य त्रुटिहरू रहनुजस्ता कमीकमजोरी रहेका छन् ।

यसैगरी २०५८ सालमा उपयोग गरिएका कक्षा आठको नेपाली भाषाका प्रश्नहरूको विश्लेषण शीर्षकको शोधपत्र दिलीपकुमार आचार्यले तयार पारेको देखिन्छ । यसमा पनि आन्तरिक र बाह्य दृष्टिले प्रश्नहरूको अध्ययन गरी प्रश्न निर्माणमा विविधता हुनुका कारणहरू पहिल्याउन सङ्कलन गरिएका प्रश्नहरूको शीर्ष निर्देशन, प्रश्न निर्देशन, विकल्प निर्देशन जस्ता विविध उपआधारमा आधारित रही अध्ययन विशलेषण गरी निष्कर्षमा पुगेको देखिन्छ (आचार्य, २०५९ : ५८) ।

कमलबहादुर बस्नेतद्वारा कक्षा आठको जिल्लास्तरीय परीक्षा २०६१ मा उपयोग गरिएका नेपाली भाषाका प्रश्नहरूको अध्ययन शोधपत्र तयार पारिएको पाइन्छ । उक्त अध्ययन प्रश्न

विश्लेषणका लागि सङ्कलित प्रतिनिधि प्रश्नहरूको अध्ययन बाह्य र आन्तरिक आधारमा गरेको देखिन्छ । बाह्य आधारका दृष्टिले अध्ययन गर्न निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति, अनुक्रम, प्रश्नपत्रको स्वरूप र भाषालाई प्रमुख आधार बनाइएको देखिन्छ । ती आधारभित्र पनि अन्य उपआधारहरू तयार गरिएको देखिन्छ । आन्तरिक आधारका दृष्टिले अध्ययन गर्न पाठ्यक्रम, अनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नमा हुनुपर्ने गुण, प्रश्नका अन्य आधार बनाएको देखिन्छ । ती आधारभित्र पनि अन्य उपआधारहरू तय गरिएको देखिन्छ । उक्त आधारबाट प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा बाह्य र आन्तरिक दुबै वैधताका आधारमा प्रश्नहरू कमजोर रहेका देखिन्छन् (बस्नेत, २०६२ : ४२) ।

प्रवेशिका परीक्षा २०६४ का अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन, शीर्षकको शोधपत्र भगवता पोखेलले गरेको पाइन्छ । उक्त अनुसन्धानमा प्रश्नहरूको तुलनात्मक अध्ययन, बाह्य र आन्तरिक आधारमा गरेको पाइन्छ । प्रवेशिका परीक्षा २०६४ का प्रश्नहरूको कमीकमजोरी पत्ता लगाउँदै सैद्धान्तिक विश्लेषण गरिएको छ । उक्त शोधपत्रमा पाँच विकास क्षेत्रमा भिन्न भिन्न प्रश्नहरू सोधिने हुँदा प्रश्नहरूको समग्र अवस्थाको मूल्याङ्कन र वैधानिकता मापन भएको देखिदैन (पोखेल, २०६४ : ७०) ।

रेनुका गौतमद्वारा 'कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६४ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन' (२०६६) शीर्षकको शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रको उद्देश्य आन्तरिक र बा□य विशेषताका आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्नु, प्रश्नपत्रलाई पाठ्यक्रम तथा पाठ्यपुस्तक अनुरूपताका दृष्टिले अध्ययन गर्नु, विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र निर्माण गरे नगरेका कुरा पत्ता लगाई प्रश्नमा भएका कमजोरी पत्ता लगाएर प्रश्नपत्र सुधारका लागि आवश्यक सुझाबहरू दिनु रहेको पाइन्छ । सामग्री सङ्कलन गरी पुस्तकालयीय विधिद्वारा तयार पारिएको उक्त शोधपत्रमा बा□य र आन्तरिक आधारका उपआधारमा प्रश्न विश्लेषण गरी निर्देशन, अङ्क विभाजन, समय निर्धारण, प्रस्तुति अनुक्रम, कागजको स्तर, छपाइ आदिका दृष्टिले प्रश्नपत्रहरू कमजोर रहेको निष्कर्षमा पुगी आवश्यक सुधारका लागि उक्त शोधपत्रले सुझाबहरू प्रस्तुत गरेको छ ।

डा. यादवप्रकाश लामिछानेद्वारा उच्च माध्यमिक शिक्षा परिषद् योजना तथा अनुगमन महाशाखाद्वारा २०६५ सालको लघुशोध कार्यक्रमअन्तर्गत तयार पारिएको 'उच्च माध्यमिक तह अनिवार्य नेपाली भाषाका प्रश्नपत्रहरू (२०६०-२०६४) को अध्ययन र विश्लेषण' शीर्षकमा

अनुसन्धान प्रतिवेदन प्रस्तुत गर्नुका साथै विशिष्टीकरण तालिकाको निर्माण, प्रश्नरचना, प्रश्नपत्रहरूको सङ्गठन, अङ्कन विधि र परीक्षण, प्रश्न विश्लेषणका आधार, निर्देशन, अङ्क विभाजन, समय विभाजन, प्रस्तुतिक्रम, प्रश्नको स्वरूप, भाषा पाठ्यक्रम अनुरूपता, भाषिक पक्षको संयोजन र सन्तुलित अवस्था, प्रश्नमा हुनुपर्ने गुण र वैधताजस्ता पक्षको उल्लेख गर्दै अन्त्यमा सुझाव पेश गरिएको छ ।

गुरुप्रसाद बरालको त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा प्रस्तुत शोधपत्र “प्रवेशिका परीक्षा २०६५ मा पाँच विकास क्षेत्रमा सोधिएका नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन” शीर्षकमा शोधपत्र तयार पारेको देखिन्छ । उक्त शोधपत्रमा प्रश्नहरूको बा□य तथा आन्तरिक आधारमा विश्लेषण गरेको पाइन्छ । बा□य आधारअन्तर्गत निर्देशक, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नको स्वरूप, भाषा जस्ता शीर्षक र यसअन्तर्गत विभिन्न उपआधारहरू पनि राखी अध्ययन गरेको पाइन्छ । आन्तरिक आधारमा प्रश्नहरूको अध्ययन अन्तर्गत पाठ्यक्रम अनुरूपता, भाषिक पक्ँहरूको संयोजन र सन्तुलन, प्रश्नमा हुनुपर्ने गुण जस्ता शीर्षक तथा अन्य उपशीर्षकमा पनि अध्ययन गरेको पाइन्छ (२०६५ : ७४) ।

त्यस्तै चन्द्रकला सुवारको जनता बहुमुखी क्याम्पस, इटहरीमा प्रस्तुत शोधपत्र “प्रवेशिका परीक्षा २०६६ सालका पाँच विकास क्षेत्रका अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन” शीर्षकमा शोधपत्र तयार पारिएको पाइन्छ । उक्त शोधमा प्रतिनिधि प्रश्न २०६६ का सङ्कलित प्रश्नहरूको बा□य तथा आन्तरिक आधारमा अध्ययन गरिएको पाइन्छ । बा□य आधारका दृष्टिले निर्देशन, अङ्क विभाजन, समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नहरूको स्वरूप र भाषालाई प्रमुख आधार बनाइएको पाइन्छ । ती आधारभित्र पनि अन्य उपआधारहरू तय गरिएको पाइन्छ । त्यस्तै आन्तरिक आधारका दृष्टिले अध्ययन गर्न पाठ्यक्रम अनुरूपता भाषिक पक्षहरूको र भाषालाई प्रमुख आधार बनाइएको पाइन्छ । ती आधारभित्र पनि अन्य उपआधारहरूबाट प्रतिनिधि प्रश्नहरूको अध्ययन गरिएको पाइन्छ (२०६६: ५२) ।

यसरी हालसम्म कुनै पनि अध्येताले प्रवेशिका परीक्षाको पाँच विकास क्षेत्रका प्रश्नहरू २०६७ को तुलनात्मक अध्ययन विषयमा अध्ययन अनुसन्धान नगरेकोले यो अध्ययन नै यस क्षेत्रको प्रारम्भिक असुन्धान रहेको छ ।

## १.६ अध्ययनको औचित्य र महत्त्व

परिवर्तित नयाँ पाठ्यक्रमअनुसार नेपाली भाषा विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन गरी के कति उपयुक्त र स्तरयुक्त छन्, के कति कमीकमजोरी हटाउन प्रश्न निर्माण गर्ने विद्यमान अवस्थामा सुझावहरू प्रस्तुत गरी तुलनात्मक अध्ययन गर्नु सान्दर्भिक हुने ठानिएको छ । यस अध्ययनबाट विद्यार्थी, शिक्षक, परीक्षक र प्रश्नपत्र निर्माणकर्तालाई उचित सल्लाह सुझाव प्राप्त भएकाले पनि यसको औचित्य र महत्त्व देखिन्छ ।

पूर्वकार्यको अध्ययनबाट प्रश्नहरूको आन्तरिक र बा□य आधारमा तथा विशिष्टीकरण तालिकाका आधारमा अध्ययन गर्न बाँकी रहेको हुँदा यस अध्ययनले ती सम्पूर्ण पक्षलाई समेट्दै अध्ययन गरेको छ । यस अध्ययनबाट निम्न पक्षलाई फाइदा पुग्ने देखिन्छ ।

१. शिक्षक
२. विद्यार्थी
३. अभिभावक
४. अनुसन्धानकर्ता

यस अध्ययनबाट शिक्षकलाई अनुसन्धानात्मक विषयका साथै प्रश्न निर्माणमा फाइदा पुग्छ भने विद्यार्थीलाई प्रश्नपत्रको रूपरेखाका बारेमा पूर्व जानकारी हुन्छ । त्यस्तै अभिभावकका लागि पनि आफ्ना बालबालिकाहरूको ज्ञान जाँच्नका लागि फाइदा पुग्छ र अनुसन्धानकर्तालाई भविष्यमा अनुसन्धान गर्नमा फाइदा पुग्ने देखिन्छ । यस अध्ययनबाट सरोकारवालाहरूलाई फाइदा पुग्ने देखिन्छ ।

१. भविष्यमा पशनपत्रमा अनुसन्धान गर्न
२. प्रश्ननिर्माणका आन्तरिक र बा□य आधारको अध्ययन गर्न
३. विशिष्टीकरण तालिकाअनुसार प्रश्ननिर्माणमा अनुसन्धान गर्न
४. प्रश्ननिर्माणका अप्ठ्यारा तथा सजिला कुरा पत्ता लगाउन
५. सैद्धान्तिक रूपमा प्रश्नहरूको विशलेषण गर्न

## १.७ अध्ययनको सीमा

पाँच विकास क्षेत्रअन्तर्गत पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका २०६७ का अनिवार्य नेपाली विषयका प्रश्नपत्रमा मात्र यो अध्ययन केन्द्रित रहको छ । यस अध्ययनको सीमाङ्कन निम्नानुसार छ :

(क) प्रवेशिका परीक्षा अनिवार्य नेपाली विषयका प्रश्नहरूको मात्र अध्ययन गरिएको छ ।

(ख) बा□य, आन्तरिक साथै विशिष्टीकरण तालिकाका आधारमा २०६७ मा सोधिएका पाँच विकास क्षेत्रका अनिवार्य नेपाली विषयका प्रश्नहरूको मात्र अध्ययन गरिएको छ ।

(ग) उक्त प्रश्नहरूको सैद्धान्तिक तथा भाषिक रूपमा मात्र अध्ययन गरिएको छ ।

(घ) प्रश्नहरूको वैधताका आधारमा अध्ययन गरिएको छ ।

## १.८ अध्ययनको विधि र प्रक्रिया

भाषिक प्रश्न निर्माणका बाह्य र आन्तरिक आधारहरूको सहयोगले प्रश्नहरूको अध्ययन विश्लेषण र तुलना गरिएको छ । प्रतिनिधि प्रश्नहरूलाई बाह्य र आन्तरिक आधारका विभिन्न उपआधारहरूको समेत उपयोग गरेर पुस्तकालयीय अध्ययन विधिबाट यो शोधपत्र तयार पारिएको छ ।

## १.९ अध्ययनको रूपरेखा

यो शोधको रूपरेखा निम्नानुसार रहेको छ :

(१) अध्याय एक : शोधको परिचय

(२) अध्याय दुई : भाषिक प्रश्ननिर्माणको सैद्धान्तिक विश्लेषण

| | | | |
|---|---|---|---|
| (३) | अध्याय तीन | : | प्रश्नहरूको भाषिक सीप मापनका दृष्टिले बाह्य आधारमा विश्लेषण |
| (४) | अध्याय चार | : | आन्तरिक आधारमा प्रश्नहरूको उपयुक्तताको विश्लेषण |
| (५) | अध्याय पाँच | : | विशिष्टीकरण तालिकाअनुरूप प्रश्नहरूको अध्ययन |
| (६) | अध्याय छ | : | निष्कर्ष र सुझाव |
| | | | सन्दर्भसूची र परिशिष्टहरू |

# अध्याय दुई
# भाषिक प्रश्न निर्माणको सैद्धान्तिक परिचय

## २.१ मूल्याङ्कनको अवधारणा

मूल्याङ्कनको प्रचलन निकै पुरानो भएता पनि यसको प्रचलन भने चीनबाटै सुरु भएको बुझिन्छ । कुनै पनि वस्तु व्यक्तिको गुण र दोषको प्रमाणित गर्ने पद्धति नै मूल्याङ्कन हो (पराजुली र अन्य, २०६६:५६) । मूल्याङ्कनलाई परीक्षाको नामका रूपमा पनि प्रयोग गर्ने परम्परागत परिपाटी रहेको देखिन्छ । शिक्षण सिकाइका दृष्टिले हेर्दा विद्यार्थीले कुनै पनि विषय कतिसम्म घोकेर लेख्छ र मुखाग्र गरेर सुनाउन सक्छ, त्यसकै आधारमा मूल्याङ्कनको स्वरूप निर्धारण भएको पाइन्छ । तर समयको परिवर्तन सँगसँगै मूल्याङ्कनको अवधारणा पनि परिवर्तन हुँदै गएको पाइन्छ ।

कुनै पनि कार्यक्रमको अन्त्यपछि मूल्याङ्कन गरिने र त्यसबाट कार्यक्रमको लेखाजोखा हुने गर्दछ । शिक्षा क्षेत्रमा पनि निर्धारत उद्देश्य प्राप्तिका लागि शिक्षण सिकाइ कार्यक्रम सञ्चालन हुन्छन् । शिक्षण सिकाइबाट विद्यार्थीमा अपेक्षित परिवर्तन आयो आएन, उपलब्धि हासिल भयो-भएन जस्ता कुराको लेखाजोखा गर्ने प्रक्रिया मूल्याङ्कन हो । मूल्याङ्कनले शिक्षणको उद्देश्य पूरा हुन नसक्नुका कारणहरू खोजी सुधारात्मक शिक्षण योजना बनाउन सहयोग गर्छ ।

जीवन भोगाइका क्रममा कुनै पनि व्यक्तिले गल्ती गर्नु सामान्य हो । ती गल्तीहरूको पहिचान गरी तीनलाई आगामी दिनमा दोहोरिन नदिन मूल्याङ्कनले मार्गदर्शन प्रदान गर्दछ । विद्यार्थीको उपलब्धिलाई परीक्षा तथा अन्य साधनबाट पनि परीक्षण गरिन्छ । शैक्षिक कार्यक्रमको सिङ्गो रूपमा मूल्याङ्कन गरेर कार्यक्रमकै कमीकमजोरी भए सुधार्ने सँदेश समेत मूल्याङ्कनले दिने हुँदा शैक्षिक क्षेत्रमा यसको भूमिका महत्त्वपूर्ण रहेको ठानिन्छ (पराजुली, २०६६:१९) ।

## २.२ परीक्षा र मूल्याङ्कन

परीक्षा र मूल्याङ्कनलाई परम्परादेखि नै समानार्थी रूपमा प्रयोग गर्ने गरेको पाइन्छ तर यी दुईमा फरक अवस्था छ । मूल्याङ्कनका लागि मापन अनिवार्य सर्त हो भने परीक्षा मापनको एक प्रक्रिया हो (शर्मा र अन्य, २०५६: १४९) । परीक्षा अवलोकन आदिको सहयोगको मापनले

कुनै पनि वस्तु वा व्यक्तिको कोरा प्रमाण तयार गर्दछ तर निर्णय गर्न सक्दैन र मापनका सबै सूचनाहरूको विश्वसनीयता र वैधतापनि निश्चित गर्न सक्दैन । यस्तो सही र गलत विश्वसनीयता र बैध-अबैधताको निर्णय मूल्याङ्कनबाट हुन्छ । वस्तुतः मूल्याङ्कन भनेको व्यापक, विस्तृत र निरन्तर चल्ने प्रक्रिया हो । परीक्षा भनेको मूल्याङ्कनको एउटा साधन मात्र हो ।

परीक्षा मूल्याङ्कनको साधन मात्र भए पनि शैक्षिक क्षेत्रमा यसको ठूलो महत्त्व छ । कुनै कार्यक्रमको उद्देश्य पाठ्यक्रम, साधन, सामग्री, प्रक्रिया, शिक्षक दक्षता, विद्यार्थीको अभिक्षमता तथा उपलब्धि पक्षको सही प्रमाण ठानी जटिलता, सरलता र स्तरयुक्तता, उपयुक्तता र प्रभावकारिता आदिको सूचना दिएर संयोजन र परिष्कार गर्ने निदानात्मक एवम् पृष्ठपोषणीय मूल्याङ्कनलाई परीक्षाले नै वास्तविक सहयोग पुऱ्याउँछ । शिक्षा क्षेत्रमा शैक्षणिक उद्देश्य, सिकाइ अनुभव र मूल्याङ्कनका बीचमा सम्बन्ध जोड्ने काम परीक्षाले नै गर्दछ (न्यौपाने, २०६१:९२) ।

मूल्याङ्कनको कार्यक्षेत्र व्यापक भए पनि मूलरूपमा यो शैक्षिक प्रशासनिक, पथप्रदर्शनीय तथा अनुसन्धानात्मक कार्यमा संलग्न हुन्छ । विषयको प्रकृति र उद्देश्यअनुसार परीक्षाका पनि अनेक भेद हुन्छन् । प्रवेश परीक्षा, स्तरयुक्त परीक्षा, सामाजिक परीक्षा, वार्षिक परीक्षा, रूची परीक्षा, बौद्धिक परीक्षा र सीपगत परीक्षा आदि ।

परीक्षाका विभिन्न भेद उपभेद भए पनि हाल प्रचलित मौखिक, लिखित र प्रयोगाात्मक परीक्षा नै सबै प्रकारका आधारहरू हुन् ।

## २.३ भाषिक मूल्याङ्कन र परीक्षण

भाषिक मूल्याङ्कन भाषिक सीप वा सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग जोडिएको हुन्छ । परम्परागत दृष्टिमा भाषिक मूल्याङ्कन केवल लेखाइ कार्यबाट मात्र हुने गरेको र अन्य पक्षलाई उपेक्षा गरिएको थियो तर हाल भाषिक सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई तहगत आधार बनाएर मूल्याङ्कनका गर्ने प्रचलन आइसकेको छ (पौडेल र अन्य, २०६०:२१२) । तल्लो तहमा सुनाइ र बोलाइलाई विशेष ध्यान दिइएको हुन्छ भने माथिल्लो तहमा पढाइ र लेखाइलाई बढी अङ्कभार दिई समय निर्धारण गर्ने गरेको पाइन्छ । मूलतः भाषाको ग्रहण पक्ष (सुनाइ, पढाइ) र अभिव्यक्ति पक्ष (बोलाइ र लेखाइ) सँग सम्बन्धित सीप र कलाको लेखाजोखा गरी पृष्ठपोषण दिनुमा नै केन्द्रित रहेको देखिन्छ ।

भाषिक मूल्याङ्कनको उपयोगिता शिक्षक र विद्यार्थीको आन्तरिक भाषा पाठ्यक्रम निर्माता, भाषाविद् तथा शिक्षाविद् र भाषा पाठ्यपुस्तक, पाठ्यसामग्री निर्माताका लागि समेत उत्तिकै रहेको छ । यसले भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्मातालाई सम्बन्धित स्तरीय तथा प्रभावकारी लेखाजोखा गरी स्तर निर्धारण गर्नु भाषाविद् एवम् शिक्षाविद्लाई सम्बद्ध भाषिक क्षमताको आँकलन गरी एकभाषिकता, द्वैभाषिकता वा बहुभाषिकता आदिका कारण सहज बन्न पुगेको सिकाइ भाषिक मूल्याङ्कनबाट नै प्राप्त हुन्छ (पौडेल, २०६०:२१९) ।

## २.४ भाषिक मूल्याङ्कनको प्रकृति

कुनै पनि शिक्षण सिकाइ क्रियाकलाप पछि त्यसको मूल्याङ्कन गर्नु आवश्यक छ । मूल्याङ्कनको अभावमा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण विधि, विद्यार्थीको क्षमता, स्तर आदि कुरा अन्योलपूर्ण बन्न पुग्छन् । भाषिक मूल्याङ्कनले भाषिक सीपहरूको परीक्षण गर्ने हुँदा यस्ता भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) को शिक्षण पश्चात मूल्याङ्कन गरिनु पर्दछ । प्राथमिक तहका विद्यार्थीहरूमा भाषाको विकास राम्ररी भइनसक्ने हुँदा सुनाइ र बोलाइ सीपको मूल्याङ्कन तथा विकास गर्ने पक्षमा पाठ्यक्रम केन्द्रित भएको हुन्छ भने माथिल्ला तहमा भाषाको विकास क्रमशः बढ्दै जाने हुनाले सुनाइ र बोलाइ भन्दा पढाइ र लेखाइ सीपको परीक्षणमा पाठ्यक्रम केन्द्रित रहेको हुन्छ । माथिल्ला तहका लागि आवश्यकता हेरी भाषिक सीपको परीक्षण सैद्धान्तिकतर्फ पनि अभिमुख हुन सक्छ । मूल्याङ्कन पश्चात सफलता प्राप्त गर्ने विद्यार्थीहरूमा थप हौसला बढ्ने र असफल हुनेहरूमा पनि सचेत भएर अगाडि बढ्ने मौका मिल्ने हुनाले भाषाशिक्षणका क्रममा मूल्याङ्कनलाई अभिन्न प्रक्रियाको रूपमा स्वीकार गरिन्छ (लामिछाने, २०६५:२२९) । भाषा शिक्षणको मूल अभिप्राय भाषिक सीपहरूको कुशलता विकासमा केन्द्रित हुने हुँदा यसको परीक्षण स्वभावतः प्रयोगमूलक प्रकृतितर्फ उन्मुख हुन्छ । भाषिक मूल्याङ्कनका लागि विद्यार्थीहरूको स्तर तथा क्ष्ँमता हेरेर सैद्धान्तिक र प्रयोगात्मक प्रकृतिका प्रश्नहरू निर्माण गरिनु पर्दछ । अर्थात् तल्ला तहमा प्रयोगमूलक र माथिल्ला तहमा सैद्धान्तिक र प्रयोगात्मक दुबै प्रकारका प्रश्नहरू निर्माण गर्न सकिन्छ । नेपालको सन्दर्भमा हेर्दा माध्यमिक तहसम्मको भाषा शिक्षण मूलतः सीपपरक भएकाले प्रयोगपरक प्रश्नहरू बढी उपयुक्त मानिन्छन् । भाषिक सीपहरूको मूल्याङ्कन विभिन्न प्रकृतिबाट हुने भए तापनि प्रचलनमा रहेका परीक्षण प्रकृतिमाथि सङ्क्षेपमा चर्चा गरिएको छ :

### २.४.१ एकीकृत र पृथकीकृत परीक्षण

भाषिक सबै सीपहरूलाई एकमुष्ट रूपमा परीक्षण गर्नुलाई एकीकृत परीक्षण भनिन्छ ( पौड्याल र अन्य, २०६०:१३) । यस्तो प्रकृतिको परीक्षणले भाषाका चारवटै सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइको परीक्षण गर्न सक्षम हुन्छ । तर यस्तो परीक्षणलाई जटिल र कम विश्वसनीय मानिन्छ । नेपाली भाषाको पाठ्यक्रममा समावेश गरिएका बुँदा टिपोट, सारांश, संक्षेपीकरण र बोधका साथै अनुच्छेदलेखन, टिप्पणीलेखन, चिठीलेखन, दैनिकीलेखन जस्ता सीपको परीक्षणमा एकीकृत पद्धति अँगाल्नु राम्रो हुन्छ ।

### २.४.२ पहिचानात्मक र उत्पादनात्मक परीक्षण

पाठ्यवस्तुहरूको परीक्षण पहिचानात्मक र उत्पादनात्मक दुबै किसिमले गर्न सकिन्छ । खास गरी सैद्धान्तिक अवधारणाको बोध र ज्ञान पक्षसँग सम्बन्धित पाठ्यपुस्तकको परीक्षण बहुविकल्पी, खाली ठाउँ भर्ने, जोडा मिलाउने, समूह छुट्ट्याउने आदि प्रश्नका आधारमा पनि गर्न सकिने हुन्छ । शब्दभण्डारको परीक्षणका लागि पनि यस्ता प्रश्नहरू उपयोगी हुन सक्छन् । उक्त प्रश्नहरूबाट गरिने परीक्षण पहिचानात्मक प्रकृतिको हुन्छ (अधिकारी, २०६३:१९०) । पाठ्यवस्तुको ज्ञान संक्षिप्त उत्तरात्मक प्रश्नद्वारा जाँच्न खोजिन्छ भने त्यस किसिमको परीक्षण पहिचानात्मक नभई उत्पादनात्मक प्रकृतिको बन्न पुग्छ । उत्पादनात्मक परीक्षणमा विद्यार्थीले कुनै कुरा अभिव्यक्त गरी आफ्नो राय दिनु पर्ने हुन्छ । वाक्य परिवर्तन गर्ने, वाक्य विश्लेषण गर्ने, पुनर्लेखन गर्ने, शब्दलाई वाक्यमा प्रयोग गर्ने आदिजस्ता प्रश्न यस अन्तर्गत पर्दछन् । श्रुतिबोध र पठनबोधसँग सम्बनिधत प्रश्नहरू भने उत्पादनात्मक र पहिचानात्मक दुबै प्रकारका हुन्छन् ।

### २.४.३ क्लोज र सी परीक्षण

कुनै खास अनुच्छेद दिएर खास अन्तरालमा खास शब्दहरू हटाउँदै खाली ठाउँ राख्ने र ती खाली ठाउँमा परीक्षार्थीले उपयुक्त शब्दहरू आपूर्ति गर्नुपर्ने क्लोज प्रकृतिको परीक्षणद्वारा विद्यार्थीहरूको बोध क्षमता र दिइएको उद्धरणको कठिनाई स्तर पनि परीक्षण गर्न सकिन्छ ।

मौखिक अभिव्यक्ति र लेखनकलाको उत्पादनात्मक परीक्षण हुन नसक्ने भएकाले र शब्द र आपूर्ति गर्ने स्थानको अन्तराल फरक पर्दा विश्वसनीयता नदेखिने सम्भावना धेरै रहने हुनाले हिजोआज यस प्रकृतिको परीक्षणलाई उति महत्त्व दिइएको पाइदैन । तापनि उद्धरणको छनौटमा विशेष ध्यान दिएर पूर्व परीक्षण लागू गरिएमा यो विविध दृष्टिकोणबाट उपयुक्त हुने देखिन्छ (शर्मा र अन्य, २०६७:३६४) ।

### २.४.४ औपचारिक र अनौपचारिक परीक्षण

भाषिक सीपको परीक्षण निश्चित पाठ्यक्रमकै आधारमा निर्णयात्मक दृष्टिले गरिन्छ । यस्तो प्रकृतिको परीक्षणलाई औपचारिक परीक्षण भनिन्छ (पन्थ र अन्य, २०६१:१३) । यस्तो परीक्षणबाट विद्यार्थीलाई उत्तीर्ण अनुत्तीर्ण घोषित गर्नमा केन्द्रित रहन्छ । यस्तो परीक्षण शिक्षण सिकाइको साधन नभएर साध्य बन्न पुग्छ ।

अनौपचारिक परीक्षण अभ्यासात्मक हुन्छ । जसले मूल्याङ्कनलाई औपचारिक कार्यहरूमा संलग्न गराई शिक्षण परीक्षण पुन: परीक्षण तथा पुन:शिक्षण र पुन:परीक्षणको चक्रीय प्रक्रिया अँगालेर परीक्षाबाट प्राप्त परिणामहरूलाई विद्यार्थीको सिकाइ र शिक्षकको शिक्षण प्रक्रियामा सुधार ल्याउने काममा प्रयोग गरिनु पर्दछ (पन्थ र अन्य, २०६१:१३) ।

### २.४.५ परीक्षाका अन्य युक्तिहरू

हाल प्रचलनमा रहेका परीक्षाका मुख्य तीन युक्तिहरू हुन् : लिखित, मौखिक र प्रयोगात्मक । यिनीहरूको तल सङ्क्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ ।

#### २.४.५.१ लिखित परीक्षा

विभिन्न किसिमका लिखित प्रश्न तथा लिखित कार्यकलापका माध्यमले गरिने परीक्षणलाई लिखित परीक्ष्ँा भनिन्छ । भाषिक मूल्याङ्कनका क्रममा लिखित अभिव्यक्ति सीप र त्यससम्बन्धी पक्षहरूको परीक्षणका लागि लिखित परीक्षालाई अपरिहार्य युक्तिका लागि प्रयोग गरिन्छ । भाषा

शिक्षणका क्रममा लिखित कार्यकलाप बाहेक अन्य कार्यकलापका रूपमा यो युक्ति उपयोगी नभए पनि निर्णयात्मक मूल्याङ्कनका लागि यसैलाई नै सर्वाधिक महत्त्व दिएर उपयोग गर्ने गरिएको पाइन्छ । बोध (श्रुतिबोध र पठनबोध) क्षमता तथा भाषातात्विक धारणा र तत्सम्बन्धी प्रयोगको परीक्षणमा लिखित परीक्षाको प्रशस्त उपयोग गरिएको पाइन्छ । लिखित परीक्षामा वस्तुगत र विषयगत प्रश्नहरू हुन्छन् । वस्तुगत प्रश्नभित्र ठीक बेठीक छुटयाउने, खाली ठाउँ भर्ने, जोडा मिलाउने, बहुवैकल्पिक तथा 'क्लोज' र 'सी' किसिमका प्रश्नहरू पर्दछन् । निबन्धात्मक प्रश्नमा लामो पाराले व्याख्या गर्नु पर्ने, विवेचना गर्नुपर्ने, समीक्षा गर्नुपर्ने तथा अन्य विविध खाले स्वतन्त्र रचनासँग सम्बन्धित प्रश्नहरू पर्दछन् (शर्मा र अन्य, २०६७: ३२५) ।

### २.४.५.२ मौखिक परीक्षा

विभिन्न किसिमका मौखिक प्रश्न तथा अन्तर्वार्ता वा वाक परीक्षा जस्ता साधन र प्रक्रियाबाट गरिने परीक्षालाई मौखिक परीक्षा भनिन्छ । (शर्मा र अन्य, २०६७:३३३) । लिखित र प्रयोगात्मक परीक्षाको लेखाजोखाबाट गर्न नसकिने कतिपय पक्षहरूको मूल्याङ्कन गर्न मौखिक परीक्षाको उपयोग गरिन्छ । यस्तो परीक्षाबाट भाषाका सुनाइ, बोलाइसम्बन्धी सीपहरू र वस्तुगत तथा चित्र वर्णन, सस्वरपठन, उच्चारण, शब्दप्रयोगजस्ता कुराहरूको मूल्याङ्कन गर्न सकिन्छ ।

### २.४.५.३ प्रयोगाात्मक परीक्षा

विद्यार्थीहरूको सीपगत व्यवहारको अवलोकन वा पर्यवेक्षण गरेर सम्पादन गरिने परीक्षालाई प्रयोगाात्मक परीक्षा भनिन्छ (शर्मा र अन्य, २०६७: ३३५) । भाषा भनेको व्यक्तिको व्यवहार हो:त्यसैले भाषाले जब प्रयोग प्रसङ्गहरूमा व्यक्त हुने मौका मिल्छ, तब मात्र त्यसले जीवन्तता र सार्थकता प्राप्त गर्छ । प्रयोगात्मक परीक्षाले व्यक्तिको मनोक्रियात्मक क्षेत्रको व्यवहारिक परिवर्तन एवम् विकासको मापन गर्ने गर्दछ । यस्तो परीक्षा चुनौतिपूर्ण भए पनि परीक्षण र मापनमा सकेसम्म वैधतार विश्वसनीयता कायम होस् भन्ने हेतुले जाँचसूची, श्रेणीमापन जस्ता साधनको प्रयोग गरिन्छ । सुनाइको एकाग्रता, बोलाइको हाउभाउ र चेष्टा, सस्वर पढाइको अवरोह, गति, यति, लय, उच्चारण जस्ता कुराहरूको जाँच प्रयोगाात्मक परीक्षाबाट हुने गर्दछ ।

## २.५ परीक्षणका प्रचलित तरिका

विभिन्न उद्देश्य र प्रयोजनअनुसार परीक्षणका विभिन्न तरिका अपनाए तापनि सैद्धान्तिक हिसाबले तिनलाई निम्न दुई भागमा विभाजन गरेर हेर्न सकिन्छ ।

### २.५.१ स्तरयुक्त परीक्षा

यो एउटा पूर्व घोषित परीक्षा हो । विभिन्न विषय, विज्ञ, भाषाविज्ञान तथा शिक्षाविद्हरू मिलेर सचेततापूर्वक वैज्ञानिक प्रक्रिया अपनाएर यस प्रकारको परीक्षा तयार गरिएको हुन्छ (शर्मा र अन्य, २०६७:३३२) । स्तरयुक्त परीक्षा लिनु अघि पूर्व निरीक्षण गरिन्छ । विभिन्न विशेषज्ञद्वारा प्रश्न निर्माण गरिन्छ । स्तरयुक्त परीक्षा योजनाबद्ध र विस्तृतरूपमा सञ्चालन गरिन्छ । ज्ञान र दक्षतालाई समेटी प्रश्नहरूको उत्तर उच्च बनाइन्छ ।

### २.५.२ अध्यापक निर्मित परीक्षा

अध्यापक निर्मित परीक्षा शिक्षक आफैंले प्रश्नपत्र निर्माण गरी आफ्ना विद्यार्थीहरूको उपलब्धिको मापन गर्न सञ्चालन गरिन्छ । विद्यार्थीको स्तर निर्धारण गर्न शैक्षिंक तथा व्यवसायिक पथप्रदर्शन गर्न, शिक्षक स्वयम्को आत्म मूल्याङ्कन गर्न, शिक्षण कार्यक्रममा सुधार गर्न तथा सम्पूर्ण शैक्षिक कार्यक्रममा अध्यापक निर्मित परीक्षाको सञ्चालन गरिन्छ । यस्तो प्रकारको परीक्षामा पूर्वपरीक्षणद्वारा प्रश्नपत्रमा सुधार गरिदैन । विषयगत प्रामाणिकता पाइने यस्तो परीक्षा शैक्षिक उद्देश्यमा आधारित सीमित विषयवस्तुको परीक्षणका लागि सञ्चालन गरिन्छ । यो परीक्षा रचनात्मक र निर्णयात्मक दुबै मूल्याङ्कन प्रयोजनका निम्ति उपयोगमा ल्याइन्छ । यस्तो परीक्षाको विश्वसनीयता र वैधतामध्यम खालको हुन्छ ।

## २.६ भाषिक परीक्षण योजना

भाषिक सीप परीक्षणको हालसम्मको स्थितिलाई हेर्दा हतारहतारमा हचुवाको भरमा प्रश्नपत्रहरू निर्माण गर्ने प्रचलन रहेको छ । यसरी प्रश्नहरू निर्माण गर्ने प्रचलन रहेको छ । यसरी

प्रश्नहरू निर्माण गर्दा जुन सीपको परीक्षण गर्नु पर्ने हो, त्यसरी नभएको पनि देखिन्छ । तसर्थ भाषिक परीक्षणका लागि योजनाबद्ध ढङ्गले प्रश्नपत्रहरू निर्माण गर्दा सामान्यत:निम्नानुसारका चरणहरू पूरा गर्नुपर्ने हुन्छ (ज.ब.रा. र अन्य २०५८:६५) ।

### २.६.१ पाठ्यक्रम विश्लेषण

कुनै पनि परीक्षण योजनाको मूल आधार नै पाठ्यक्रम हो । के, कति, कसरी, किन, कहिले शिक्षण गर्ने भन्ने कुराको निर्धारण पाठ्यक्रमले नै गर्ने हुनाले परीक्षण योजना निर्माण गर्दा पाठ्यक्रमको अध्ययन विश्लेषण गर्नु आवश्यक ठानिन्छ । परीक्षणको प्रकृति, प्रश्नको प्रकृति, परीक्षणीय क्षेत्र आदि पत्ता लगाउने कार्य पाठ्यक्रमद्वारा प्राप्त हुने भएकाले पाठ्यक्रमको विश्लेषण पश्चात परीक्षण योजना निर्माण गर्दा परीक्षा बैध र विश्वसनीय बन्ने गर्दछ । त्यसैले भाषिक परीक्षण योजनाका लागि पाठ्यक्रम विश्लेषण अपरिहार्य हुन्छ ।

### २.६.२ परीक्षण उद्देश्यको निर्धारण

निश्चित तह वा कक्षाका विद्यार्थीहरूको कुनै खास शैक्षिक सत्रको अवधिमा हासिल हुनुपर्ने भाषिक सीप र ती परिपूर्ति गर्न अपनाइएका शिक्षण विधि तथा सामग्रीहरू लगायत विद्यार्थीहरूको क्षमता, स्तर आदि कुराहरूमा विचार पुऱ्याई परीक्षण उद्देश्यको निर्धारण गरिनु पर्दछ । पाठ्यक्रमको अपेक्षा स्तर आदि परीक्षणका गुणहरूमा विचार पुऱ्याउनु पनि आवश्यक हुन्छ । परीक्षण र उद्देश्यका क्षेत्रहरूलाई निम्नानुसार वर्गीकरण गरिएको छ ।

#### २.६.२.१ संज्ञान क्षेत्र

सिकारूमा मानसिक तथा बौद्धिक विकास गराउन संज्ञान क्षेत्रलाई समेट्नु पर्ने हुन्छ । कुनै पनि शैक्ष्ँिक कार्यक्रमको मुख्य लक्ष्य संज्ञानात्मक क्षेत्रमा व्यवहारिक परिवर्तन गर्नु रहेको हुन्छ । त्यसैले परीक्षण योजना निर्माण गर्दा यी क्षेत्रहरूको ख्याल गरिनु पर्दछ । संज्ञानात्मक क्षेत्रसँग सम्बन्धित व्यवहारिक छनौट गरी परीक्षण योजना निर्माण गरिनु पर्दछ । संज्ञानात्मक क्षेत्रमा मूलत:

ज्ञान, बोध, प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन जस्ता उद्देश्य र विषयवस्तु समाविष्ट हुन्छन् ।

### २.६.२.२ प्रभावी क्षेत्र/भावनात्मक क्षेत्र

परीक्षण योजना निर्माण गर्दा विद्यार्थीका धारणा र अभिवृत्तिहरूलाई मापन गर्न सक्ने गरी बनाउनु पर्दछ । परीक्षण विषयवस्तु वा प्रश्नहरूको प्रभावी क्षेत्रका सीप एवम् सिकाइ अनुभवलाई मापन गर्न सकेनन् भने परीक्षणको औचित्य समाप्त हुन्छ । यस तहका विषयवस्तुको मूल ध्येय अनुभव, धारणा, भावना, अभिरूची र पक्षलाई समेट्ने उद्देश्यको परीक्षण गर्नु हो (पराजुली, २०६६:८६) । यस क्षेत्रअन्तर्गत प्राप्त गर्नु वा ध्यान दिनु, प्रतिक्रिया गर्नु, मूल्य प्रदान गर्नु, सङ्गठन गर्नु र चरित्रीकरण गर्नु आदि पर्दछन् ।

### २.६.२.३ मनोक्रियात्मक क्षेत्र

मानसिक र शारीरिक क्रियाद्वारा विभिन्न किसिमका कार्यहरू गर्ने क्षमता तथा सीपको वृद्धि र विकास गर्ने व्यवहारिक क्षेत्रलाई क्रियात्मक वा मनोक्रियात्मक क्षेत्र भनिन्छ । यो क्षेत्रले सबै किसिमका शारीरिक, क्रियात्मक, परिचालनात्मक सीपहरूलाई समावेश गर्ने भएकाले यसलाई सीपमूलक क्षेत्र पनि भनिन्छ (ज.ब.रा. र अन्य, २०६३:५६) । यस अन्तर्गत उत्प्रेरणा, निपुणता, नियन्त्रण, समायोजन र स्वभावीकरण जस्ता कुराहरू पर्दछन् ।

### २.६.३ विशिष्टीकरण तालिकाको निर्माण र प्रयोग

पाठ्यक्रमका अपेक्षाहरूको विश्लेषण गरेर परीक्षणीय उद्देश्यहरूको निर्धारण गरिसकेपछि परीक्षणीय विषयवस्तु परीक्षण प्रश्नका प्रकार, प्रश्नसङ्ख्या, अङ्कभार, समय तथा परीक्षणीय उद्देश्यका क्षेत्र एवम् तहहरूको स्पष्ट खाकालाई नै विशिष्टीकरण तालिका भनिन्छ (शर्मा र पौडेल, २०६०:२३०) । यस तालिकाको प्रयोगले प्रश्न निर्माणमा सरलता प्रदान गर्नुका साथै परीक्षणीय दृष्टिकोणले महत्त्वपूर्ण मानिएका पक्षहरू छुट्न पाउँदैनन् । विशिष्टीकरण तालिकाको प्रयोगले

समय, पाठ्यभार र अङ्कभारको सन्तुलित वितरण भई स्तरीय प्रश्न निर्माण गर्न एवम् परीक्षणीय मूल्याङ्कन गर्नमा समेत मद्दत मिल्दछ ।

### २.६.४ प्रश्नरचना

भाषा पाठ्यक्रमका अपेक्षित उद्देश्यहरू विद्यार्थीहरूले के कति मात्रामा हासिल गरे भनी मापन गर्ने प्रमुख साधन प्रश्न नै हुन् । मूल्याङ्कनीय प्रश्नहरू भाषा पाठ्यक्रमका समग्र पाठ्यवस्तुलाई समेट्ने गरी प्रतिनिधिपरक आधारमा निर्माण गरिनु पर्दछ । जसका लागि विशिष्टीकरण तालिकाको निर्माण गरी यसैको सहयोगले प्रश्न निर्माण गरिनु पर्दछ । प्रश्नहरू निर्माण गर्दा उद्देश्यपरकता, बैधता, विश्वसनीयता, व्याप्तता, विभेदीकारीता, व्यवहार योग्यता जस्ता आन्तरिक र बाह्य गुणले युक्त, शुद्ध, स्पष्ट, निश्चित आयतन युक्त एवम् स्तरयुक्ततामा ध्यान पुऱ्याउनु पर्दछ । प्रश्नहरू सकेसम्म विकल्पसहित हुनु पर्दछ । यदि विकल्प दिनैपर्ने भए समान परीक्षण, उद्देश्य र समान कठिनाइस्तर भएका हुनु पर्दछ । प्रश्न, उद्देश्य र समान कठिनाइस्तर भएको हुनु पर्दछ । प्रश्न दोहोरो अर्थ नलाग्ने, स्पष्ट निर्देशन भएका बहुमुखी, आशयरहित, पुच्छररहित र सुराकरहित बनाउनु पर्दछ । विषयवस्तुको व्यापकता एवम् विविधता समेटिएका प्रश्नहरू निर्माण गर्नु पर्दछ ।

#### २.६.४.१ प्रश्नका प्रकार

प्रचलनमा रहेका प्रश्नका प्रकारलाई हेर्दा दुई प्रकारका प्रश्न भेटिन्छन् :

**(क) वस्तुगत प्रश्न**

एक पटकमा एउटा कुराको मात्र परीक्षण गर्न सकिने मुख्य विशेषता भएका यस्ता प्रश्नहरू मूलतः बोध, उच्चारण, शब्दार्थ, शब्द प्रयोग, वर्णविन्यास र व्याकरण तत्त्वहरूको पहिचानात्मक परीक्षण गर्न उपयोगी हुन्छन् (शर्मा र अन्य, २०६७:३६२) । वस्तुगत प्रश्नहरू बहुउपयोगी हुने गर्दछन् । शिक्षार्थीको भाषिक क्षमता जाँच्ने क्रममा परीक्षणको व्यापकता बढाउन

वस्तुगत प्रश्नले निकै मद्दत पुऱ्याउने देखिन्छ । हाल प्रचलनमा रहेका वस्तुगत प्रश्नहरू यसप्रकार छन् ।

### (अ) बहुवैकल्पिक प्रश्न

प्रश्नमै आवश्यकता अनुसार तीनदेखि पाँचवटासम्म (मूलत:चारवटा) वैकल्पिक उत्तरहरूको व्यवस्था गरी त्यसैबाट सही उत्तर पत्ता लगाएर घेरा (०) वा रेजा (√) चिनो लगाउन पाइने प्रश्नलाई बहुवैकल्पिक प्रश्न भनिन्छ (शर्मा र अन्य: २०६०, १६३) । यस्ता प्रश्नलाई वस्तुगत प्रश्नमध्ये सबैभन्दा उपयोगी मानिन्छ । ती बोध तथा पठनबोधका परीक्षण गर्न तथा आंशिक रूपमा व्याकरणतत्त्व एवम् वर्णविन्यास सुरु समेतको परीक्षणका निम्ति यस प्रकृतिका प्रश्नहरूको उपयोग गर्न सकिन्छ ।

### (आ) खाली ठाउँ भर्ने प्रश्न

प्रश्नका आधार वाक्यमै निश्चित शब्दहरू हटाएर खाली राखी ती ठाउँहरूमा उपयुक्त शब्द भर्न लगाउने प्रश्नलाई खाली ठाउँ भर्ने प्रश्न भनिन्छ (शर्मा र अन्य, २०६७:३६३) । यस्ता प्रश्नको उत्तर दिदा एक समूहमा दिइएको तथ्यलाई अर्को समूहसँग दाँज्नु पर्दछ । तथ्य कुराहरू जाँच्न वा दुई वस्तुबीच सम्बन्ध जोड्ने क्षमता थाहा पाउन एउटा प्रश्नमा धेरै कुरा समेट्न समेत जोडा मिलाउने प्रश्नहरू निर्माण गरिन्छ । यस्ता प्रश्नहरूको विश्वसनीयता बढी हुन्छ ।

### (इ) ठीक बेठीक छुट्ट्याउने प्रश्न

सही र गलत उद्धरणहरू छ्यासमिस पारेर दिई साँचो वा झुटो, हो-होइन, √-× आदि सङ्केतद्वारा छुट्याउन लगाउने प्रकृतिका प्रश्नलाई ठीक बेठीक छुट्याउने प्रश्न भनिन्छ । विद्यार्थीको स्मरणशक्ति जाँच गर्न यस्ता प्रकृतिका प्रश्नहरू उपयोगी भनिए पनि परीक्षणीय दृष्टिले

त्यति उपयोगी र विश्वसनीय मानिदैनन् । प्रारम्भिक तहमा भने यस्ता प्रश्नहरू भने केही उपयोगी नै मानिन्छन् ।

### (ई) जोडा मिलाउने प्रश्न

दुई विषयलाई अलग अलग समूह, मात्रा वा पङ्तिमा छ्यासमिस गरी राखेर तिनीहरूको सम्बन्धको आधारमाा जोडा मिलाउने प्रश्नलाई जोडा मिलाउने प्रश्न भनिन्छ (पराजुली, २०६७: १०४) । यस्ता प्रश्नको उत्तर दिंदा एक समूहमा दिइएको तथ्यलाई अर्को समूहसँग दाँज्नु पर्छ । तथ्य कुराहरू जाँच्न वा दुई वस्तुबीच सम्बन्ध जोड्ने क्षमता थाहा पाउन एउटा प्रश्नमा धेरै कुरा समेट्न समेत जोडा मिलाउने प्रश्नहरू निर्माण गरिन्छ । यस्ता प्रश्नको मापनमा बढी विश्वसनीयता हुन्छ । धर्को तानेर वा समूहको सङ्केतलाई अर्को समूहको निर्दिष्ट स्थानमा लेखेर जोडा मिलाउने प्रविधि यसमा मिलाइएको हुन्छ ।

## २.६.४.२ विषयगत प्रश्न

विषयवस्तुलाई विशेष जोड दिएर विषयवस्तुको ज्ञान, क्षमता जाँच्न निर्माण गरिने प्रश्नहरूलाई विषयगत प्रश्न भनिन्छ (पराजुली र अन्य, २०६७:१०१) । सोधिएका विषयमा जोड दिएर उत्तर दिनुपर्ने भए तापनि विद्यार्थीहरूको व्यक्तिगत क्षमताको समेत समावेश हुने भएकाले यस्ता प्रकृतिका प्रश्नलाई विषयगत प्रश्न पनि भनिन्छ । विषयगत प्रश्नलाई पनि विशेष गरी दुई भागमा बाँड्न सकिन्छ ।

### (अ) निबन्धात्मक प्रश्न

सामान्यतः एकभन्दा बढी अनुच्छेदमा निबन्ध जस्तै लामो पारामा लेखिने चिठी, दैनिकी, प्रतिवेदन, टिप्पणी, वर्णन, व्याख्या, विवेचना, समीक्षा आदि सुसङ्गठित लिखित अभिव्यक्तिको रचना परीक्षणका लागि यस्ता प्रश्नहरूको उपायोग गरिन्छ (शर्मा र अन्य, २०६७:३६१) । यसका साथै वाक्य रचनागत उपयुक्तता, शब्द प्रयोगगत उपयुक्तता, वैचारिक, सिलसिलाबद्धता, अनुच्छेद गठन,

प्रवाहमयता, विषयवस्तुको प्रासङ्गिकता तथा वर्णविन्यास, विराम चिन्ह प्रयोग, किनारा छोडाइ, सफाइ इत्यादि समष्टिगत सीपको परीक्षणका लागि पनि निबन्धात्मक प्रश्नको उपयोग गरिन्छ ।

### (आ) सङ्क्षिप्त उत्तरात्मक प्रश्न

प्रश्नहरूको उत्तर छोटो, सरल तथा स्पष्ट लेख्नुपर्ने प्रश्नलाई सङ्क्षिप्त उत्तरात्मक प्रश्न पनि भनिन्छ । यो प्रश्न निबन्धात्मक र वस्तुगत प्रश्नका बीचको प्रश्न हो । वैयक्तिक शैली प्रस्तुति, सङ्गठन तथा वैचारिकता आदिका दृष्टिले निबन्धात्मकताको गुण र सङ्क्षिप्तता र विषयवस्तुको व्यापक ओगटाइ, सङ्ख्यात्मक बहुलता, प्रयोगपरकता प्रयोग, पहिचानात्मकता आदिका दृष्टिले वस्तुगतताको गुणसमेत झल्कने यस्ता प्रश्नलाई वस्तुगत र विषयगत प्रश्नको मध्यमार्गी प्रश्न पनि भनिन्छ (पौड्याल २०५८:४५) । परीक्षार्थीलाई ठोस उत्तर दिन, सन्तुलित उत्तर दिन, परीक्षणीय कुरामा केन्द्रित बनाउन र पाठ्यविषयवस्तुका व्यापक पक्षमा सजग रहन सुसहायकको भूमिका खेल्ने हुनाले यस्ता खाले प्रश्नमा परीक्षणमा हुनुपर्ने वैधता, विश्वसनीयता, विभेदकारिता र व्यावहारिकता जस्ता गुणहरू पनि यथेष्ट मात्रामा रहन्छन् । यसका साथै भाषिक सीप र धारणाहरू तथा भाषातात्विक र व्याकरणगत प्रयोग र पहिचानको समेत एकीकृत परीक्षण गर्न सकिने सरलता र सुगमताका दृष्टिले पनि यस्ता प्रश्नहरू निकै उपयोगी र महत्त्वपूर्ण मानिन्छन् ।

## २.७ प्रश्नको सङ्गठन, निर्देशन र अन्तिम तयारी

परीक्षण योजना पूरा हुनु भनेको प्रश्नहरूको निर्माण मात्र होइन, निर्मित प्रश्नहरूलाई उपयुक्त ढङ्गले सङ्गठित गरी प्रश्नका प्रकृति र परीक्षण उद्देश्यअनुसार विभिन्न समूहमा सरलदेखि जटिलताको क्रममा मिलाएर राख्नु पर्दछ (पौड्याल, २०५२ : ४७) । के कति प्रश्नहरूको उत्तर दिने, प्रश्नको उत्तर दिने तरिका आदि बारे सरल र स्पष्ट भाषामा उपयुक्त निर्देशन प्रत्येक समूहको सुरुमा दिइनु पर्दछ । प्रश्नहरूको सङ्ख्या परीक्षण समय र स्थानका बारेमा पहिले नै व्यवस्था गरिसकेको हुनु पर्दछ ।

### २.७.१ बुँदागत अङ्क मापन

प्रश्नका परीक्षणीय आशयलाई विभिन्न बुँदामा परिणत गरी सो अनुरूप प्रश्नको अङ्कभारलाई विभाजित गरेर, त्यसै बमोजिम उत्तरमात्र हेरी अङ्क मापन गर्ने विधिलाई बुँदागत अङ्कमापन भनिन्छ (शर्मा र पौड्याल, २०६०: ३३६) । प्रश्नका उत्तरलाई प्रश्न निर्माणसँग बुँदागत रूपमा तयार गरी तिनको अङ्क विभाजन समेत गरेर सोही अनुरूप बुँदाका आधारमा उत्तरपुस्तिकाको परीक्षण गर्दा वैधता र विश्वसनीयता कायम हुन्छ ।

### २.७.२ प्रश्नगत अङ्कमापन

परीक्षँर्थीहरूको उत्तर मात्र हेरेर अङ्क मापन गर्ने क्रममा पनि एउटा उत्तर पत्र जाँची सबेपछि क्रमश: अन्य उत्तर पत्रहरू जाँच्दै जाँदा एकै खाले उत्तरमा पनि फरक फरक अङ्कन हुन सक्छ र विश्वसनीयतामा प्रशस्त आघात पर्ने सम्भावना रहन्छ (शर्मा र पौड्याल, २०६७: ३६६) । फेरि धेरै उत्तरपुस्तिकाहरू एउटै बसाइमा जाँच्न नसकिने हुनाले पनि फरक फरक बसाइमा उत्तर पत्रहरू जाँच्दा परीक्षकको मानसिक अवस्था, विचार र भावना पनि फरक फरक हुने सम्भावना प्रशस्त रहने भएकाले मापनमा एकरूपकता नआउन सक्छ ।

### २.७.३ बहुपरीक्षकद्वारा अङ्कमापन

परीक्षार्थीहरूको उत्तरपत्रहरूलाई एउटा परीक्षकद्वारा मात्र अङ्कन नगराई तीन चार जना परीक्षकहरूद्वारा अङ्कन गराउने र औसत अङ्कनलाई निर्णयक अङ्कका रूपमा स्थापित गर्ने विधिलाई बहुपरीक्षकद्वारा अङ्क मापन विधि भनिन्छ (शर्मा र पौडेल, २०६७: २३७) । यो विधि राम्रो भए पनि त्यति धेरै प्रयोगमा ल्याइएको पाइदैन । एकरूपता र विश्वसनीयता ल्याउन यो विधि उपयुक्त मानिन्छ ।

### २.७.४ समूहगत अङ्क मापन

परीक्षार्थीका उत्तर पत्रहरूलाई पहिले सरसर्ती हेरेर अतिउत्तम, उत्तम, मध्यम, निम्न र अतिनिम्न आदि समूहमा छुट्याई राख्ने र त्यसपछि एउटा समूहको उत्तर जाँची सकेपछि क्रमश: अन्य समूहको उत्तर जाँचेर अङ्कन गर्ने विधिलाई समूहगत अङ्क मापन भनिन्छ (शर्मा र पौडेल, २०६७:३६७) । यो विधि उपयुक्त भए पनि त्यति चलन चल्तीमा ल्याएको भने पाइदैन ।

## २.८ भाषिक परीक्षणका सन्दर्भमा विषयगत प्रश्नहरूको अङ्क मापन

भाषा सीपपरक विषय भएकाले भाषिक प्रश्नहरू अपेक्षाकृत सीपपरक हुनु स्वाभाविक हो ( पौडेल र अन्य, २०६०:१७४) । ज्ञान पक्षका सम्बन्धित प्रश्नहरूको उत्तर मापन गर्ने आधार तय गर्न प्रश्नको आशयलाई विश्लेषित गरेर आवश्यकतानुसार विभिन्न बुँदामा अङ्क विभाजन गरी निबन्धात्मक पक्षलाई बढी जोड दिई मापनको आधार तय गरिन्छ । भाषिक प्रश्नहरू अभिव्यक्ति सीपपरक योग्यतालाई जाँच गर्ने खालका हुन्छन् । यस्तो सीप एकीकृत वा समग्रात्मक ढङ्गले अङ्कनमापन नै बढी उपयुक्त हुन्छन् । यस्तो सीप एकीकृत वा समग्रात्मक ढङ्गले अङ्कमापन नै बढी उपयुक्त देखिन्छ । भाषिक परीक्षणमा अङ्कमापन गर्दा केही कठिनाइहरू अवश्य उत्पन्न हुन्छन् । तुलनात्मक रूपमा अर्थअघातक त्रुटिभन्दा अर्थघातक त्रुटिहरू विशेष महत्त्वको हुने भएकाले परीक्षणको क्रममा उच्च, मध्यम र निम्न समूहका श्रेणीमा विभाजन गरी परीक्षण गर्ने कार्य अपनाउन सकिए पनि विषयपरक अङ्कमापनमा विश्लेषण पद्धतिभन्दा समग्रात्मक अवलम्बन गर्नु फाइदाजनक हुने गर्दछ (शर्मा, २०५६:१७१) ।

## २.९ प्रश्न विश्लेषणका आधारहरू

परीक्षणमा समावेश गरिने प्रश्नहरूलाई गुणस्तरयुक्त बनाउन निर्मित प्रश्नहरू के कस्ता भए, प्रश्नमा कस्तो सुधार गर्नुपर्छ, प्रश्नको कठिनाइस्तर कस्तो छ, प्रश्नहरूको बीचमा विभेदीकरण कस्तो छ भनी जाँच्नु नै प्रश्न विश्लेषण हो । प्रश्न विश्लेषणले स्तरयुक्त, उपयुक्त तथा

गुणस्तरीय प्रश्न निर्माण र छनौटमा सहयोग पुऱ्याउँछ । मुख्य रूपमा प्रश्न विश्लेषणका लागि निम्न दुई आधारलाई लिन सकिन्छ ।

**२.९.१ तथ्याङ्कशास्त्रीय आधार**
**२.९.२ सैद्धान्तिक आधार**

### २.९.१ तथ्याङ्कशास्त्रीय आधार

प्रश्नपत्रहरूलाई पदविश्लेषण गरी तथ्यहरूको अङ्कन गरेर तिनको व्याख्या विश्लेषण गर्न तथ्याङ्कशास्त्रीय आधारमा अध्ययन गर्दा तह, कक्षा र विषयगत आधारमा अध्ययन गरी गणितीय आधारबाट विश्वसनीयता, वैधता तथा कठिनाइस्तर समेतको लेखाजोखा गरेर उपयुक्तता र अनुपयुक्तताको पहिचान गरी निष्कर्ष निकालिन्छ । प्रश्न विश्लेषण गर्दा समय, साधन, स्रोत र श्रमको खर्च बढी भए पनि यस आधारलाई प्रभावकारी आधार मानिन्छ ।

### २.९.२ सैद्धान्तिक आधार

प्रश्नलाई स्तरीय, विश्वसनीय, वैध तथा उद्देश्यमूलक बनाउन सबैभन्दा जिम्मेवार भूमिका खेल्ने आधार भनेकै आन्तरिक आधार हो । भाषिक सीप, सिर्जनात्मक कला आदिको परीक्षणको निर्धारण प्रश्नपत्रको आधारले गर्दछ । आन्तरिक वैधताका दृष्टिले प्रश्नहरूको अध्ययन गरी उपयुक्तता र अनुपयुक्तताको निष्कर्षमा पुगेर त्रुटिमुक्त प्रश्नहरूको निर्माण गर्न सुझाब प्रदान गर्नु भाषिक प्रश्न विश्लेषणको केन्द्रिय पक्ष हो (पोखेल, २०६४:२२) । यस्तै यस आधारमा प्रश्न विश्लेषण गर्दा प्रश्नको उपयुक्तता, व्यवहारिकता, संक्षिप्तता, निश्चितता र स्पष्टता आदिका आधारमा गरिन्छ । प्रश्न विश्लेषणका सैद्धान्तिक आधारहरू निम्न रहेका छन् :

(क) बा□य आधार
(ख) आन्तरिक आधार

### (क) बा□य आधार

प्रश्नको बा□य आधार भन्नाले प्रश्नको आकार प्रकार र स्वरूप भन्ने बुझिन्छ । प्रश्नपत्रको आकृतिगत वैधता केलाउने कार्य बा□य आधारअन्तर्गत गरिन्छ । प्रश्नपत्र आकर्षक, स्पष्ट एवम् स्तरीय हुन नसके बा□य आकृति प्रभावकारी बन्न सक्दैन । बा□य आधारअन्तर्गत प्रश्नपत्रको किनारा छोडाइ, कागजको स्तर, निर्देशन, अङ्क विभाजन, प्रस्तुति अनुक्रम, स्वरूप, भाषा आदि पक्षको समेत विश्लेषण गरिन्छ । प्रश्नपत्र निर्माणका बा□य आधार नै दोषपूर्ण भएमा आन्तरिक आधार पनि दोषपूर्ण हुन जाने हुँदा शैक्षिक अपेक्षाहरू नै अपूर्ण रहने स्थितिको सिर्जना हुन पुग्दछ , तसर्थ प्रश्न निर्माण गर्दा बा□य आधारमा पनि राम्रो ध्यान पुऱ्याउनु जरूरी छ ।

### (ख) आन्तरिक आधार

प्रश्न विश्लेषणको महत्त्वपूर्ण र केन्द्रीय आधार आन्तरिक आधार हो । पाठ्यक्रमका अपेक्षित उद्देश्यहरूलाई परिपूर्ति गर्नका लागि प्रश्नलाई स्तरीय, विश्वसनीय र वैध बनाउनका लागि आन्तरिक आधारको महत्त्वपूर्ण भूमिका रहन्छ । प्रश्न विश्लेषणको आन्तरिक आधार भित्र पाठ्यक्रम अनुरुपता, भाषिक पक्षहरू, सन्तुलन र संयोजन, प्रश्नमा हुनुपर्ने गुण, प्रश्नका विविध पक्ष, भाषा पर्दछन् । पाठ्यक्रमले अपेक्षा गरे अनुसारका भाषिक सीप, सिर्जनात्मक कला आदिको परीक्षणमा आन्तरिक आधारले सहयोग गर्दछ । प्रश्नका कमी कमजोरी पत्ता लगाई तिनको निराकरण गर्दै प्रश्नलाई विश्वसनीय, वैध, व्यावहारिक, उपयोगी, गुणयुक्त, स्तरीय बनाउन आन्तरिक आधारले महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले यसलाई प्रश्न निर्माणको केन्द्रीय आधारका रूपमा लिन सकिन्छ ।

## २.१० निष्कर्ष

मूल्य+अङ्क+अन मिलेर मूल्याङ्कन शब्दको व्युत्पत्ति भएको हो । मूल्याङ्कन शिक्षा तथा मनोविज्ञान क्षेत्रमा प्रयोग गरिने नयाँ अवधारणा हो । यसको महत्त्व मानव जीवनका हरेक क्षेत्रमा रहेको पाइन्छ । शिक्षा क्षैत्रसँग सम्बन्धित मूल्याङ्कन शैक्षिक मूल्याङ्कन हो । यसले विद्यार्थी,

शिक्षक, पाठ्यक्रम तथा सम्पूर्ण शैक्षिक कार्यक्रमहरूको नै लेखाजोखा गरी सुधारात्मक उपाय अपनाउन बाटो देखाउने काम गर्दछ । मूल्याङ्कनका लागि परीक्षा जाँचजस्ता साधनको आवश्यकता पर्दछ । लिखित, मौखिक र प्रयोगात्मक परीक्षा नै परीक्षाका रूपहरू भए पनि लिखित परीक्षा नै बढी प्रचलनमा रहेको देखिन्छ ।

खास गरी लिखित परीक्षाका लागि प्रश्नहरू निर्माण गर्ने गरिन्छ । ती प्रश्नहरू मार्फत् लिइएको परीक्षा र मूल्याङ्कन कति उचित र अनुचित हो भन्ने कुराको पहिचान प्रश्नहरूको अध्ययन विश्लेषणबाट मात्र प्राप्त हुन्छ । प्रश्न विश्लेषणका दुई आधार छन् । तथ्याङ्कशास्त्रीय आधार र सैद्धान्तिक आधार । गणितीय आधारबाट विश्वसनीयता, वैधता तथा कठिनाइको लेखाजोखा गरेर प्रश्नहरूको उपयुक्तता र अनुपयुक्तताको पहिचान गरी निष्कर्ष निकालिन्छ भने सैद्धान्तिक आधारबाट प्रश्नहरूका विविध उपआधारहरू आन्तरिक आधार र बा□य आधारमा प्रश्नहरूको उपयुक्तता अनुपयुक्तताको लेखाजोखा वा अध्ययन विश्लेषण गर्ने काम गरिन्छ । आन्तरिक आधारअन्तर्गत पाठ्यक्रम अनुरूपता भाषिक पक्षहरूको संयोजन र सन्तुलन प्रश्नमा हुनुपर्ने गुण प्रश्नका विविध पक्ष र भाषा आदि पर्छन् । त्यस्तै बा□य आधार अन्तर्गत निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नको स्वरूप र भाषा आदि पर्छन् । यिनै विभिन्न उपआधारहरूमा रही प्रश्नहरूको आन्तरिक र बा□य स्वरूपको अध्ययन विश्लेषण गरिन्छ ।

# अध्याय तीन

# बा□य वैधताको आधारमा निर्दिष्ट प्रश्नहरूको अध्ययन विश्लेषण

प्रश्नपत्र विश्लेषणको बा□य आधार भनेको प्रश्नपत्रको औपचारिक स्वरूप हो । जसरी व्यक्तिको स्वरूपको थपघट वा गल्तीले विरूप तथा विकृत बन्छ र व्यक्तित्वमा आँच पुऱ्याउँछ, त्यसरी नै प्रश्नपत्रको पनि पनि बाहिरी पक्षको स-सानो हेलचेक्र्याइले गम्भीर असर पार्दछ । त्यसैले स्वरूपगत हिसाबमा प्रश्नपत्र उपयुक्त किसिमले हुनु पर्ने द्विविधा छैन । प्रस्तुत अध्ययनमा प्रतिनिधि प्रश्नहरूको आकृतिगत वैधताका अध्ययनका लागि निम्न प्रमुख आधारहरू तय गरिएका छन् । निर्देशन, अङ्कविभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नहरूको स्वरूप, भाषाजस्ता आधारहरू तय गरिन्छ (पोखेल, २०६४:२४) ।

प्रश्नपत्रको बा□य आकृति स्वच्छ, स्पष्ट, आकर्षक एवम् स्तरयुक्त भएन भने आन्तरिक पक्ष एवम् उपेक्षाहरूलाई समेत नकारात्मक असर परी परीक्षण निरर्थक र अवैध हुन सक्छ । प्रश्नपत्रको बा□य आकृति स्वच्छ, स्पष्ट, आकर्षक एवम् स्तरयुक्त भएन भने आन्तरिक पक्ष एवम् उपेक्षाहरूलाई समेत नकारात्मक असर परी परीक्षण निरर्थक र अवैध हुन सक्छ । प्रश्नप्रत्रको बा□य पक्षको भूल र हेलचेक्र्याइले प्रश्न फरक पर्न गई आशय, महत्त्व, सीमा जस्ता महत्त्वपूर्ण कुरा बङ्ग्याउन वा अल्मल्याउन सक्छ । प्रश्नपत्र बा□य वैधताले विश्वसनीयता, विभेदकारिता जस्ता आन्तरिक वैधतामा समेत असर पारी परीक्षण प्रयोजनलाई निस्प्रयोजन समेत बनाउन सक्छ । यस अध्ययनमा उल्लेखित आधारका दृष्टिले प्रश्नहरूको अध्ययन विश्लेषण गरिएको छ ।

### ३.१.१ शीर्ष निर्देशन

प्रश्नहरूको अग्र तथा शीर्षस्थानमा रहने सम्पूर्ण प्रश्नहरूको साझा एवम् मूल निर्देशन नै शीर्ष निर्देशन हो । यसमा प्रश्नहरूको उत्तर लेख्दा के कुरामा ध्यान दिने ? कसरी उत्तर दिने ?

आदि विषयमा निर्देशन दिइएको हुन्छ । शीर्ष निर्देशनमा उल्लेखित समयको सीमा, प्रश्नको प्रकृति, अङ्क निर्देशन, विकल्प निर्देशन समेत दिने भएकाले यो सरल, स्पष्ट र सटिक हुनु पर्दछ ।

प्रतिनिधि प्रश्नहरूमा शीर्षक निर्देशनलाई हेर्दा सबै प्रश्नहरूको शीर्ष भागमा 2067 (2011) अनिवार्य नेपाली लेखिएको छ । प्रतिनिधि प्रश्नहरूमा अनिवार्य नेपाली भनेर विषय खुलाइए पनि कुन कक्षा वा तहका हुन् सो खुल्ने गरी शीर्षक निर्देशन दिइएको पाइदैन । यसलाई राम्रो पक्ष मान्न सकिदैन । त्यसैगरी प्रतिनिधि प्रश्नहरू अनिवार्य नेपाली विषयका भएकाले २०६७ का प्रश्नपत्रमा 2067 लेखिनु भाषिक दृष्टिले त्रुटिपूर्ण देखिन्छ । अन्य कुरा हेर्दा पाँच वटै विकास क्षेत्रको प्रश्नपत्रमा परीक्षार्थीले दिएको निर्देशनका आधारमा आफ्नै मौलिक शैलीमा सिर्जनात्मक उत्तर दिनु पर्दछ भनी शीर्ष निर्देशनमा एकरूपता देखिन्छ ।

### ३.१.२ प्रश्न निर्देशन

प्रत्येक प्रश्नका निर्देशनले प्रश्नको आशय, उद्देश्य, प्रक्रिया तथा सीमाहरू निर्धारण गरेको हुन्छ । त्यसैले प्रश्नपत्रलाई बैध र स्पष्ट, सोद्देश्यपूर्ण सरल एवम् प्रभावकारी तुल्याउन प्रश्न निर्देशन सहायक तत्त्व हो । एउटा प्रश्नभित्र विभिन्न उपप्रश्नहरू रहने स्थितिमा त निर्देशन अझ आवश्यक हुन्छ । निर्देशन बिनाको प्रश्न अस्पष्ट, अन्योलपूर्ण, अपूर्ण र अवैधसमेत हुन्छ र अस्पष्टता जस्ता कुरामा भाषिक शुद्धतामा ध्यान पुऱ्याउनु आवश्यक छ (पराजुली र अन्य, २०६६:९८) ।

### ३.१.३ विकल्प निर्देशन

विकल्प भन्नाले यो वा त्यो भन्ने बुझिन्छ । सामान्यतया कुनै पनि विषयका प्रश्नहरूमा विकल्प दिनु सैद्धान्तिक हिसाबले राम्रो नमानिए पनि व्यावहारिक रूपमा विद्यार्थीहरूलाई सजिलो होस् भन्नका लागि विकल्प दिने गरिन्छ । विकल्प निर्देशन दिंदा समय, अङ्कभार, उद्देश्य तथा आशय र समान कठिनाइस्तर भएको विकल्प दिनु पर्छ । विकल्प निर्देशन दिंदा विद्यार्थीले आफूलाई राम्ररी आउने प्रश्नको उत्तर रोजेर दिन पाउने हुनाले प्रश्नको उत्तर दिन सजिलो हुने गर्दछ । तलका कुनै यतिवटा प्रश्नको उत्तर दिनुहोस् भनेर विकल्प निर्देशन दिन सकिन्छ अथवा समरूप

प्रकृतिका प्रश्नमा 'वा, अथवा' जस्ता शब्दको प्रयोग गरेर पनि विकल्प दिन सकिन्छ । विकल्प अङ्क र अक्षर जुनसुकैमा दिन सकिन्छ ।

प्रतिनिधि प्रश्नहरूमध्ये २०६७ का प्रश्नहरूमा प्र.नं. ११ मा जीवनी तयार गर्ने र प्र.नं. १४ मा तीनवटा शीर्षकमध्ये कुनै एक शीर्षकमा निबन्ध लेख्ने, प्र.नं. १५ मा दुईवटा उद्धरणहरूमध्ये एकको सप्रसङ्ग व्याख्या गर्ने, प्र.नं. १६ मा तीनवटा विवेचनात्मक प्रश्नमध्ये दुई गर्ने भनी विकल्प निर्देशन दिइएको पाइन्छ (बस्नेत, २०६२:३०) ।

### ३.१.४ पृष्ठ निर्देशन

पृष्ठ भनेको पाना हो । भाषाको प्रश्नपत्रहरू केही लामा नै हुने भएकाले एउटा पृष्ठमा अटाउँदैनन् । त्यसैले एकभन्दा बढी पृष्ठ प्रयोग गर्नुपर्ने हुन्छ । अर्को पृष्ठमा पनि छ भनी जानकारी दिनु र प्रश्न समाप्त भएको जानकारी दिनु पृष्ठ निर्देशन हो । जसले परीक्षार्थी र परीक्षक झुक्किने सम्भावनाबाट मुक्त हुन्छन् । पृष्ठ निर्देशन गर्ने क्रममा क्रमशः कृ.प.उ., अर्कोपट्टि इत्यादि लेख्ने प्रचलन पाइन्छ । पृष्ठ जनाउँदा शीर्ष भागमा अङ्क र अन्त्य भागमा अन्य सङ्केतहरू लेख्ने चलन छ । प्रश्नपत्रमा कुनै पाना छुट भएको प्रश्नको केही भाग अर्को पाना भएको अगाडि पनि गर्नुपर्ने काम बाँकी छ कि भन्ने कुराको अग्रिम जानकारी लिन प्रश्न समाप्त भएको सङ्केत पाउनका लागि समेत पृष्ठ निर्देशन अनिवार्य र महत्त्वपूर्ण मानिन्छ ।

प्रतिनिधि प्रश्न २०६७ सबै प्रश्नपत्रको प्रथम पृष्ठमा शीर्ष निर्देशन र त्यसपछि पृष्ठ २, ३, ४ गरी अङ्कमार्फत र पृष्ठ एकको पुच्छरमा शीर्ष निर्देशन गरिएको पाइन्छ । यसैगरी सबै विकास क्षेत्रका प्रश्नहरूको समाप्तिको जानकारी दिन सबै प्रश्नहरूमा ✡ को प्रयोग गरिएको पाइन्छ ।

## ३.२ अङ्क विभाजन र समय निर्धारण

अङ्क विभाजन र समय निर्धारणले प्रश्नपत्रमा ठूलो महत्त्व राख्दछ । प्रश्नको अङ्कअनुसार समय निर्धारण गरिने हुँदा यी दुबैका बीचमा सन्तुलन हुनु जरूरी छ । समय र प्रश्न अङ्कबीच सन्तुलन हुन सकेन भने बा□य वैधता मात्र होइन, आन्तरिक वैधता समेत खल्बलिन

पुग्छ । अङ्क र समयबीच सन्तुलन हुन नसके उत्तर दियाइमा कठिनाइ हुनुका साथै अन्योलको स्थिति पैदा हुन सक्छ । प्रश्नको प्रकृति, उत्तरको आकार, कठिनाइ स्तर आदिका आधारमा अङ्क र समय निर्धारण गर्नु पर्दछ । लामो उत्तर दिनुपर्ने प्रश्नमा बढी अङ्क र समय तथा छोटो उत्तर दिनुपर्ने प्रश्नमा कम अङ्क र समय छुट्याउन सकियो भने अङ्क विभाजन र समय निर्धारण उपयुक्त हुन सक्दछ । उपयुक्त दृष्टिकोणबाट प्रतिनिधि प्रश्नहरूको निम्न उपआधारमार्फत विश्लेषण गरिएको छ :

### ३.२.१ पूर्णाङ्क र त्यसको वितरण

प्रश्नपत्रका प्रश्नहरूको एकमुष्ट अङ्क नै त्यस प्रश्नपत्रको कूल पूर्णाङ्क हो । पूर्णाङ्कलाई प्रश्नपत्रको शीर्ष भागमा दायाँपट्टि राख्ने गरिन्छ । प्रश्नपत्रमा उल्लेखित पूर्णाङ्कलाई प्रश्नको प्रकृति अनुसार स-साना भागमा वितरण गरेर राखिएको हुनुपर्दछ । यसरी वितरित अङ्क र पूर्णाङ्ककाबीच तालमेल हुनु पर्दछ । तसर्थ पूर्णाङ्क र त्यसको वितरणमा विशेष ध्यान दिनुपर्दछ ।

उक्त आधारमा प्रतिनिधि प्रश्नहरूको विश्लेषण गर्दा निम्नानुसारको अवस्था देखिन्छ ।

तालिका नं. १

| क्र.सं. | प्रश्नपत्र | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | जम्मा प्रश्न सङ्ख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल | ४ | ३ | ५ | ५ | ४ | ४ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | १० | ५ | १० | ५ | १० | १८ | १०० |
| २ | मध्यमाञ्चल | ४ | ३ | ५ | ५ | ४ | ४ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | १० | ५ | १० | ५ | १० | १८ | १०० |
| ३ | पश्चिमाञ्चल | ४ | ३ | ५ | ५ | ४ | ४ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | १० | ५ | १० | ५ | १० | १८ | १०० |
| ४ | मध्य पश्चिमाञ्चल | ४ | ३ | ५ | ५ | ४ | ४ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | १० | ५ | १० | ५ | १० | १८ | १०० |
| ५ | सुदुर पश्चिमाञ्चल | ४ | ३ | ५ | ५ | ४ | ४ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | १० | ५ | १० | ५ | १० | १८ | १०० |

पूर्णाङ्क वितरणलाई हेर्दा सम्पूर्ण विकास क्षेत्रमा शब्दको अर्थलेखनलाई ४ अङ्क, खाली ठाउँ भर्नलाई ३ अङ्क, वाक्यमा प्रयोग गर्नलाई ५ अङ्क, शुद्धलेखनलाई ५ अङ्क, शब्दवर्ग पहिचानको लागि ४ अङ्क, शब्द निर्माणका लागि ४ अङ्क, खाली ठाउँ भर्नलाई ५ अङ्क, वाक्य

परिवर्तन गर्नलाई ५ अङ्क, पठनबोधलाई ५ अङ्क, सारांशलेखनलाई ५ अङ्क, वादविवाद वा मनोवादलाई ५ अङ्क, निबन्धलेखनलाई १० अङ्क, सप्रसङ्ग व्याख्यालाई ५ अङ्क, सङ्क्षिप्त उत्तरलाई १५ अङ्क र विवेचनात्मक उत्तरलाई १० अङ्क गरी १०० पूर्णाङ्कको प्रश्नपत्र सबै विकास क्षैत्रहरूमा समान रूपमा बनाइएको देखिन्छ ।

### ३.२.२ उत्तीर्णाङ्क

कुनै कक्षा वा तह उत्तीर्ण गर्नका लागि निर्धारण गरिएको न्युनतम अङ्क नै उत्तीर्णाङ्क हो । यही उत्तीर्णाङ्कलाई आधार मानी परीक्षार्थीलाई कक्षा चढाउने वा नचढाउने निर्णय गरिन्छ । परीक्षार्थीले उत्तीर्णाङ्क वा सोभन्दा बढी अङ्क ल्याएमा सफल र उत्तीर्णाङ्कभन्दा कम अङ्क ल्याएमा असफल मानिन्छ । उत्तीर्णाङ्कको निर्धारण गर्ने आधार प्रश्नपत्रको पूर्णाङ्क, कक्षा वा तह, विषय हुन सक्छन् । उत्तीर्णाङ्क जहिले पनि पूर्णाङ्कको ठीक मुनि राख्ने गरिन्छ ।

यस आधारमा प्रतिनिधि प्रश्नहरूको विश्लेषण गर्दा पूर्णाङ्क १०० का लागि उत्तीर्णाङ्क ३२ राखिएको पाइन्छ । यो सबै विकास क्षैत्रमा प्रश्नहरूमा समान रूपमा पाइएकाले यसमा समानता र उपयुक्तता देखिन्छ ।

### २.२.३ भाषिक सीप र अङ्क विभाजन

भाषा सीप आर्जनको महत्त्वपूर्ण साधन हो । भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ गरी चारवटा सीपहरू हुन्छन् । चार सीपमध्ये बोलाइ र लेखाइलाई अभिव्यक्ति सीप र सुनाइ र पढाइलाई ग्रहणात्मक सीपमा वर्गीकरण गरिन्छ । यिनै सीपको मूल्याङ्कन गर्नु नै भाषिक मूल्याङ्कन हो । प्रतिनिधि प्रश्नहरूमा भाषिक भाषिक सीप परीक्षण कसरी गर्न खोजिएको छ भन्ने सन्दर्भमा अध्ययनार्थ निम्नानुसार अलग अलग छुट्याएर हेर्ने प्रयास गरिएको छ ।

#### ३.२.३.१ पढाइ सीप र अङ्क विभाजन

भाषा पढाउनुको मुख्य उद्देश्य भाषिक सीपमा दक्ष बनाउनु हो । भाषाका चारवटा सीपहरूमध्ये पढाइ सीप एक हो, जुन भाषाको ग्रहणात्मक सीपमा पर्दछ । माध्यमिक तहको पाठ्यक्रमले पढाइ र लेखाइ सीपमा जोड दिएको पाइन्छ । पढाइ सीपको परीक्षण गर्न माध्यमिक नेपाली भाषा पाठ्यक्रमले पाठगत प्रश्न र बोधप्रश्नजस्ता प्रश्नहरू निर्माण गरी परीक्षण गर्ने व्यवस्था गरेको छ ।

**पढाइ सीप परीक्षण अङ्क विभाजन : तालिका नं. २**

| क.सं. | प्रश्नपत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | अङ्क वितरण | पठनबोध प्रश्न सङ्ख्या | अङ्क वितरण | जम्मा प्रश्न | उत्तर दिनुपर्ने प्रश्न | जम्मा अङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल | १०० | ३२ | ४-३ | १५ | ५ | ५ | ९ | ८ | २० | |
| २ | मध्यमाञ्चल | १०० | ३२ | ४-३ | १५ | ५ | ५ | ९ | ८ | २० | |
| ३ | पश्चिमाञ्चल | १०० | ३२ | ४-३ | १५ | ५ | ५ | ९ | ८ | २० | |
| ४ | मध्य पश्चिमाञ्चल | १०० | ३२ | ४-३ | १५ | ५ | ५ | ९ | ८ | २० | |
| ५ | सुदुर पश्चिमाञ्चल | १०० | ३२ | ४-३ | १५ | ५ | ५ | ९ | ८ | २० | |

प्रस्तुत तालिकाको अध्ययन गर्दा पढाइ सीप परीक्षण गर्न पाठगत तथा बोधप्रश्नहरूको निर्माण गरिएको छ । पाँचै विकास क्षेत्रमा पढाइ सीपमा निम्ति १५ अङ्क र चारवटा प्रश्न निर्माण गरिएको छ भने पठनबोध अन्तर्गत पढाइ सीप परीक्षणका निम्ति ५ अङ्क र ५ वटा प्रश्न निर्माण गरिएको छ । यसरी निर्मित प्रश्नमध्ये पाठगत प्रश्नका लागि १५ र बोध प्रश्नका लागि ५ अङ्क गरी जम्मा २० अङ्कमार्फत् पढाइ सीपको परीक्षण गर्न खोजिएको छ । यस दृष्टिले प्रतिनिधि प्रश्नहरू २०६७ मा सबै विकास क्षेत्रमा पढाइ सीपका निम्ति अङ्क विभाजनमासमेत समानता कायम गर्ने प्रयास गरिएको छ ।

### ३.२.३.२ लेखाइ सीप र अङ्क विभाजन

भाषिक सीपअन्तर्गत लेखाइ सीपलाई अन्तिम सीपको रूपमा लिइन्छ । लेखाइ सीपको परीक्षण बिना भाषिक परीक्षण पूर्ण हुन नसक्ने हुँदा यसको निकै महत्त्व रहेको छ । यसले सुनाइ र पढाइबाट ग्रहण गरिएका कुरालाई अभिव्यक्त गर्न सहयोग पुऱ्याउँछ । ग्रहण गरेका कुरालाई सिलसिला मिलाई कलात्मक रूपमा प्रस्तुत गर्ने काम लेखाइ सीपबाट नै हुने हुँदा यसको परीक्षणीय

महत्त्व अझ बढेको देखिन्छ । लेखाइ सीप परीक्षणका लागि स्वतन्त्र रचनाअन्तर्गत निबन्ध, चिठी, संवाद, दैनिकी, निवेदन, कथालेखन, जीवनीहरूलाई निम्नानुसार हेर्न सकिन्छ ।

**तालिका नं. ३ : लेखाइ सीप र अङ्क विभाजन**

| क्र.सं. | प्रश्नपत्र | नियन्त्रित रचना | | स्वतन्त्र रचना क्षमता | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कथा, जीवनीलेखन | | निबन्ध लेखन | | चिठी लेखन | | वादविवाद लेखन | | मनोवाद लेखन | | जम्मा | कैफियत |
| | | प्र.स | अ.वि. | प्र.स | अ.वि. | प्र.स | अ.वि. | प्र.स | अ.वि. | प्र.स. | अ.वि. | | |
| १ | पूर्वाञ्चल | १ | ५ | १ | १० | १ | ५ | १ | ५ | १ | ५ | | |
| २ | मध्यमाञ्चल | १ | ५ | १ | १० | १ | ५ | १ | ५ | १ | ५ | | |
| ३ | पश्चिमाञ्चल | १ | ५ | १ | १० | १ | ५ | १ | ५ | १ | ५ | | |
| ४ | मध्य पश्चिमाञ्चल | १ | ५ | १ | १० | १ | ५ | १ | ५ | १ | ५ | | |
| ५ | सुदुर पश्चिमाञ्चल | १ | ५ | १ | १० | १ | ५ | १ | ५ | १ | ५ | | |

प्र.स. : प्रश्न सङ्ख्या

अ.वि. : अङ्क विभाजन

लेखाइ सीप परीक्षणका लागि प्रतिनिधि प्रश्न २०६७ मा वादविवाद लेखनको विकल्प मनोवाद लेखनलाई क्रमश: ५/५ अङ्क प्रश्न निर्माण कार्यमा सबै प्रश्नपत्रले छुट्याएका छन् । सम्पूर्ण विकास क्षेत्रमा नै नियन्त्रित रचनाअन्तर्गत कथा जीवनी लेखनका निम्ति ५ अङ्क, चिठी लेखनका लागि ५ अङ्क छुट्याइएको छ । विशुद्ध लेखनलाई सीप परीक्षण गर्न स्वतन्त्र रचना, निबन्ध रचनासम्बन्धी १० अङ्क निर्धारण गरिएको छ । यसरी २०६७ मा लेखाइ सीप परीक्षणका निम्ति स्वतन्त्रतर्फ २० अङ्क, निर्देशित तर्फ ५ अङ्क गरी जम्मा २५ अङ्क कायम गरेको देखिन्छ ।

### ३.२.३.३ शब्दभण्डार र अङ्क विभाजन

शब्दभण्डारअन्तर्गत पर्यायबाची, विपरीतार्थी, अनेकार्थी, श्रुतिसमभिन्नार्थी, प्राविधिक, पारिभाषिक, अनुकरणात्मक शब्दका साथै शब्दको अर्थ लेख्ने र शब्दलाई वाक्यमा प्रयोग गर्ने आदि पर्दछन् । शब्दभण्डारले भाषिक क्षमता बढाउन सहयोग पुऱ्याउने हुँदा यसको परीक्षण गर्नु आवश्यक ठानी माध्यमिक शिक्षा नेपाली पाठ्यक्रमले पनि निश्चित अङ्क छुटयाएको छ । परीक्षार्थीको शब्दभण्डार क्षमता परीक्षणका निम्ति प्रतिनिधि प्रश्नपत्रले छुटयाएको अङ्कलाई तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

**तालिका नं. ४ : शब्दभण्डार र अङ्क विभाजन**

| क्र.सं. | प्रश्नपत्र | पूर्णाङ्क | वाक्यमा प्रयोग गर्ने | | शब्दको अर्थ पहिचान गरी लेख्ने | | खाली ठाउँ भर्ने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्र.स. | अं.वि. | प्र.स. | अं.वि. | प्र.स. | अं.वि. | |
| १ | पूर्वाञ्चल | १०० | ५ | ५ | ४ | ४ | ६ | ३ | १२ |
| २ | मध्यमाञ्चल | १०० | ५ | ५ | ४ | ४ | ६ | ३ | १२ |
| ३ | पश्चिमाञ्चल | १०० | ५ | ५ | ४ | ४ | ६ | ३ | १२ |
| ४ | मध्य पश्चिमाञ्चल | १०० | ५ | ५ | ४ | ४ | ६ | ३ | १२ |
| ५ | सुदुर पश्चिमाञ्चल | १०० | ५ | ५ | ४ | ४ | ६ | ३ | १२ |

क्र.स. : क्रम सङ्ख्या
अ.वि. : अङ्क विभाजन

प्रवेशिका परीक्षाका प्रश्नहरू २०६७ का प्रश्नहरूको विश्लेषण गर्दा ५ अङ्कको वाक्यमा प्रयोग गर्ने, ४ अङ्कको अर्थ लेख्ने र ३ अङ्कको खाली ठाउँ भर्ने गरी अङ्कभार विभाजन गरिएको पाइन्छ ।

### ३.२.३.४ व्याकरण र अङ्क विभाजन

भाषिक परीक्षणका सन्दर्भमा व्याकरण प्रयोग कुशलताको परीक्षण गर्नु अति आवश्यक मानिन्छ । यसले भाषिक सीप विकासमा ठूलो सहयोग पुऱ्याउँछ । व्याकरणअन्तर्गत शब्दवर्ग, शब्दनिर्माण, काल, पक्ष, भाव, वाक्य परिवर्तन, वाक्य विश्लेषण तथा संश्लेषण जस्ता कुराहरू पर्दछन् । प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा व्याकरणको परीक्षणका लागि निम्नानुसार अङ्क छुट्याइएको पाइन्छ ।

**तालिका नं. ५ : व्याकरण र अङ्क विभाजन**

| क्र.सं. | प्रश्नपत्र | पूर्णाङ्क | खाली ठाउँ भर्ने | | वाक्य परिवर्तन | | शुद्धिकरण गर्ने | | शब्द निर्माण गर्ने | | पदवर्ग छुट्याउने | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्र.स. | अं.वि. | प्र.स. | अं.वि. | प्र.स | अं.वि. | प्र.स | अं.वि. | | |
| १ | पूर्वाञ्चल | १०० | ५ | ५ | ५ | ५ | ५ | ५ | २ | ४ | ४ | २३ |
| २ | मध्यमाञ्चल | १०० | ५ | ५ | ५ | ५ | ५ | ५ | २ | ४ | ४ | २३ |
| ३ | पश्चिमाञ्चल | १०० | ५ | ५ | ५ | ५ | ५ | ५ | २ | ४ | ४ | २३ |
| ४ | मध्य पश्चिमाञ्चल | १०० | ५ | ५ | ५ | ५ | ५ | ५ | २ | ४ | ४ | २३ |
| ५ | सुदुर पश्चिमाञ्चल | १०० | ५ | ५ | ५ | ५ | ५ | ५ | २ | ४ | ४ | २३ |

क्र.स. : क्रम सङ्ख्या

प्र.स. : प्रश्न सङ्ख्या

अ.वि : अङ्क विभाजन

प्रस्तुत तालिकाको आधारमा हेर्दा खाली ठाउँ भर्ने ५ अङ्कको, वाक्य परिवर्तन गर्ने ५ अङ्कको, शुद्धिकरण गर्ने ५ अङ्कको, शब्द निर्माण गर्ने ४ अङ्कको र पदवर्ग छुटयाउने ४ अङ्कको गरी जम्मा २३ अङ्कको व्याकरण निर्धारण गरेको पाइन्छ । प्रतिनिधि प्रश्नहरू २०६७ मा पाँचवटै विकास क्षेत्रमा व्याकरण परीक्षणका निम्ति समान अङ्क विभाजन गरिएको देखिन्छ ।

### ३.२.४ समय विभाजन

पशनहरूको निर्माण गर्न समयलाई पनि महत्त्वपूर्ण स्थान दिनु पर्ने हुन्छ । प्रश्नको प्रकृति, कठिनाइ स्तर र विद्यार्थीको स्तरगत लेखन गतिका आधारमा समय निर्धारण गरिनु पर्दा कूल पूर्णाङ्कलाई उपयुक्त ढङ्गले प्रतिप्रश्न वितरण गर्ने गरिन्छ र त्यसै आधारमा समय विभाजनलाई पनि बुझ्ने गरिन्छ ।

यसरी प्रतिनिधि प्रश्नलाई हेर्दा प्रश्न २०६७ मा पाँचै विकास क्षेत्रका निम्ति पूर्णाङ्क १०० र ३ घण्टा समय निर्धारण गरिएको छ । विशिष्टीकरण तालिकाले प्रश्नको प्रकृति अनुसार समय विभाजन गरिएको पाइन्छ ।

## ३.३ प्रस्तुति अनुक्रम

विभिन्न किसिमका प्रश्नहरूलाई सिलसिलाबद्ध रूपमा राख्ने कार्यलाई प्रस्तुति अनुक्रम भनिन्छ । प्रश्नहरूलाई क्रम मिलाउँदा समूहीकरण गरी सरलता र जटिलताका क्रममा राख्ने गरिन्छ । प्रश्नहरूको सही अनुक्रम मिलाउन सके परीक्षाका समयमा विद्यार्थीहरू आत्तिने, हतोत्साहित हुने, अल्मलिने कुराबाट बच्न सक्छन् । अनुक्रम बिना प्रश्न निर्माण गर्नाले विद्यार्थी मात्र होइन परीक्षकलाई पनि यसले बाधा पुऱ्याउँछ ।

प्रतिनिधि प्रश्नलाई हेर्दा प्रश्नपत्रमा विशिष्टीकरण तालिका अनुरूप प्रस्तुति अनुक्रम मिलाइएको पाइन्छ । अनुक्रममा क्रमशः शब्दभण्डार, हिज्जे, व्याकरण, बोध, सारांश लेखन, कथा/ जीवनी, चिठी/निवेदन, वादविवाद/संवाद/मनोवाद, निबन्ध, सप्रसङ्ग व्याख्या, सङ्क्षिप्त उत्तरात्मक प्रश्न र विवेचनात्मक प्रश्न राखिएका छन् । जुन अनुक्रम उचित नै देखिन्छ ।

## ३.४ प्रश्नपत्रको स्वरूप

प्रश्नपत्रको आकृतिलाई समग्रमा प्रश्नपत्रको स्वरूप भनिन्छ । यसअन्तर्गत प्रश्नपत्रको आदिभाग, मध्यभाग र अन्त्यभाग पर्दछन् । त्यसै क्रममा पूर्णाङ्क र उत्तीर्णाङ्क, समय निर्देशन, अङ्क विभाजन, प्रश्न सङ्ख्या, उपप्रश्न र पृष्ठप्रश्नको आकार, कागज छपाइ, सफाइ, भाषा आदिले प्रश्नपत्रको स्वरूप तयार पार्दछन् । त्यसको उत्कृष्टता र निकृष्टताको सङ्केत गर्दछन् । यहाँ शीर्षभाग प्रश्न, पृष्ठ, कागजको स्तर, छपाइ र सफाइजस्ता आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन विश्लेषण गरिएको छ ।

### ३.४.१ शीर्षभाग

प्रश्नपत्रको शीर्षभाग भन्नाले प्रश्न सुरु हुनुभन्दा पहिलेको भाग भन्ने बुझिन्छ । शीर्ष भागमा प्रश्नपत्रसँग सम्बन्धित सूचनाका साथै सम्बन्धित कक्षा वा तहको नाम लेखिएको हुन्छ । शीर्ष भागमा लेखिएका कुराहरू शुद्ध, स्पष्ट र आकर्षक हुनु पर्दछ ।

उल्लिखित आधारमा प्रतिनिधि प्रश्नपत्रको शीर्षभागलाई हेर्दा यस्तो स्थिति देखा पर्दछ ।

2067 (2011)

अनिवार्य नेपाली

(परीक्षार्थीले दिइएको निर्देशनका आधारमा आफ्नै मौलिक शैलीमा सिर्जनात्मक उत्तर दिने गर्नुपर्छ)

समय : ३ घण्टा पूर्णाङ्क : १००

उत्तीर्णाङ्क : ३२

माथि उल्लिखित प्रश्नपत्रको शीर्ष भागलाई हेर्दा कुनै पनि विकासक्षेत्रका प्रश्नपत्रहरूमा प्रवेशिका परीक्षा भनी उल्लेख गरिएको पाइदैन । सामान्तया उक्त प्रश्नहरूमा विकासक्षेत्रगत सङ्केतलाई छाड्ने हो भने झट्ट हेर्दा कुन कक्षा वा स्तरको भनी छुट्याउन गाह्रो देखिन्छ । प्रतिनिधि प्रश्नपत्र अनिवार्य नेपाली विषयको प्रश्नपत्रहरू भएको हुँदा २०६७ लेख्दा र प्रश्नपत्रमा प्रवेशिका परीक्षा भनी स्तर खेल्ने गरी उल्लेख गर्नु राम्रो हुने देखिन्छ ।

### ३.४.२ आकार

प्रश्नपत्र लामो, छोटो, मोटो र मध्यमपना जनाउने कुरा नै आकार हो । प्रश्नपत्र यस्तै आकारको हुनुपर्छ भन्ने सैद्धान्तिक मान्यता नभए पनि भद्धा र अनुपयुक्त किसिमले सजिएको राम्रो मानिदैन । प्रश्नको प्रकृति, परीक्षण, उद्देश्य, समय र प्रश्न सङ्ख्याको आकारले भूमिका त खेल्छ नै तापनि मध्यम स्तरीय हुनु राम्रो मानिन्छ । यस दृष्टिले प्रतिनिधि प्रश्नहरू उपयुक्त नै मानिन्छन् ।

### ३.४.३ प्रश्न सङ्ख्या

विशिष्टीकरण तालिकाले निर्देशन गरेका सीपहरू परीक्षण गर्न सक्ने खालका प्रश्नपत्रहरू मात्र राख्नु पर्दछ । यसरी परीक्षणका लागि प्रश्नहरू तयार गर्दा कति र कस्ता प्रश्न राख्ने भन्ने कुरामा विशेष ध्यान पुऱ्याउनु पर्दछ । प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र तयार भएको देखिन्छ । जसमा १८ वटा प्रश्नपत्रभित्र आवश्यकतानुसार उपप्रश्नहरू तयार भएको पाइन्छ । सङ्ख्यात्मक आधारमा सबै विकासक्षेत्रका प्रश्नहरू समान र उचित देखिन्छन् ।

### ३.४.४ प्रश्न र पृष्ठ

प्रश्नपत्रको तयारी भन्दा अगाडि नै कस्ता प्रश्नहरू निर्माण गर्ने हो त्यसको तय गर्नु पर्दछ । प्रश्नपत्र राख्नु पर्दा कुनै एक प्रश्नको एक पृष्ठमा राखेको हुनु पर्दछ । २०६७ का प्रश्नपत्रहरूमा प्रश्नसङ्ख्या ८, पृष्ठ सङ्ख्या २ मा रहेको छ । पाँचै विकास क्षेत्रमा समान प्रकृतिका प्रश्न बनाउने प्रयास भएको पाइन्छ ।

### ३.४.५ कागजको स्तर

स्तरीय कागजले नै प्रश्नपत्रलाई आकर्षक बनाउँछ । अझ प्रश्नमै उत्तर मिल्ने भएमा उक्त कागज नफुल्ने र एकपट्टिको छपाइले अर्कोपट्टि असर नपर्ने हुनु पर्दछ । प्रतिनिधि प्रश्नको विश्लेषण गर्दा सेतो रङ्गको पातलो कागजको प्रयोग गरिएको देखिन्छ । प्रश्नमै लेख्नु नपर्ने भएकाले यसलाई कमसलै भए पनि खासै अनुपयुक्त भन्न मिल्दैन ।

### ३.४.६ छपाइ र सफाइ

प्रश्नपत्रको छपाइ गर्दा प्रश्नपत्रलाई दुबैतिर उपयोग गर्न सकिने नफुल्ने कागजमा शुद्धसँग छाप्नु पर्दछ । छपाइमा भद्धापन, अशुद्धता तथा केरमेट भएमा प्रश्नपत्रको स्तर खस्कने र यसका कारण प्रश्नको बा□य वैधता साथै आन्तरिक समेत प्रश्न खडा हुन सक्छ ।

प्रतिनिधि प्रश्नपत्रको छपाइसम्बन्धी अध्ययन गर्दा प्रश्नपत्रमा विकल्प निर्देशनलाई प्रष्ट पार्न बोल्ड गरिएको छ । अन्य प्रश्नहरू छपाइसम्बन्धी प्रश्नपत्र उपयुक्त नै देखिन्छन् ।

## ३.५ भाषा

भाषा प्रश्नपत्रको अत्यन्तै महत्त्वपूर्ण पक्ष हो । यदि भाषामा एउटै मात्र अक्षर वा चिन्ह छुट्यो भने त्यो अर्थको अनर्थ हुने हुन्छ । त्यसकारण प्रश्नहरूमा वर्णविन्यास, पदयोग, पदवियोग, चिन्ह प्रयोग र लोप वर्ण वा अक्षर र लोपशासन र सङ्गति आदिसम्बन्धी त्रुटिहरू प्रश्नपत्रको भाषामा पाइन्छन् । निम्नलिखित दृष्टिले प्रतिनिधि प्रश्नहरूको अध्ययन र विश्लेषण गरिएको छ ।

### ३.५.१ वर्णविन्याससम्बन्धी त्रुटि

यसअन्तर्गत ह्रश्व-दीर्घ, चन्द्रविन्दु-शिरविन्दु, हलन्त-अजन्त, ब-व, श, ष, स, य-ए, घ-ध, रेफ-रकार, पञ्चम वर्ण, विसर्गको प्रयोग आदिसम्बन्धी त्रुटिहरू पर्दछन् । वर्णविन्याससम्बन्धी त्रुटिलाई हेर्दा प्रतिनिधि प्रश्नहरूमा पञ्चम वर्णको प्रयोगमा एकरूपताको अभाव रहेको देखिन्छ । यस आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्रत्येक विकास क्षेत्रको प्रत्येक प्रश्नहरूमा गलत

निर्देशन प्रयोग गरिएको पाइन्छ । जस्तै : मध्यपश्चिमाञ्चल विकास क्षेत्रको प्र.नं. ५ (रेखाङ्किकत) शब्दको प्रयोग भएको छ भने सुदूर पश्चिमाञ्चल विकासक्षेत्रमा त्यही कुरा जनाउन (रेखाङ्कित) शब्दको प्रयोग गरिएको पाइन्छ ।

त्यस्तै पूर्वाञ्चल विकास क्षेत्रमा प्र.नं. १५ मा (सप्रसङ्ग) शब्दको प्रयोग भएको छ भने सुदुर पश्चिमाञ्चल विकास क्षेत्रमा (सप्रसङ्‌ग) शब्दको प्रयोग गरिएको पाइन्छ ।

### ३.५.२ पदयोग र पदवियोगसम्बन्धी त्रुटि

एउटै शब्दमा लेख्नुपर्ने शब्दलाई अलग्याएर तथा अलग-अलग लेख्नुपर्नेलाई जोडेर लेखेको त्रुटिहरू प्रतिनिधि प्रश्न २०६७ मा मध्यमाञ्चल विकास क्षेत्रको प्र.नं. १५ मा सप्रसङ्‌ग शब्दलाई ( स-प्रसङ्ग) बनाइएको पाइन्छ भने मध्यपञ्चिमाञ्चल विकास क्षेत्रमा सप्रसङ्‌ग शब्दलाई (सप्रसङग) मात्र लेखिएको पाइन्छ ।

### ३.५.३ चिन्ह प्रयोगसम्बन्धी त्रुटि

चिन्ह प्रयोगसम्बन्धी त्रुटिलाई अध्ययन गर्दा २०६७ को मध्यमाञ्चल विकास क्षेत्रको प्र.नं. ११ मा पूर्णविराम चिन्हको प्रयोग गर्ने ठाउँमा (तलका प्रश्नको उत्तर दिनुहोस् ?) भनी प्रश्नवाचक चिन्हको प्रयोग गरिएको पाइन्छ ।

त्यस्तै सुदुर पश्चिमाञ्चल विकास क्षेत्रको प्र.नं. ११ ख मा गोपाल प्रसाद रिमालको कृतिहरू लेख्दा मसान र यो प्रेमलाई ('मसान' र 'यो प्रेम') भनी उद्‌गार चिन्हको प्रयोग गरिए तापनि आमाको सपना कविता सङ्ग्रमा भने ('आमाको' सपना) गरिएको छ । यो सरासर गलत देखिन्छ । यसभन्दा बाहेक अन्य त्रुटिहरू देखिदैन ।

### ३.५.४ अन्य पक्ष

माथि उल्लेख भएका भन्दा बाहेकका त्रुटिहरूलाई अन्य पक्षमा समावेश गरिएको छ । मध्यपञ्चिमाञ्चल विकास क्षैत्रको ११ को ख मा गोपाल प्रसाद रिमालको योगदानमा (गरेका) भन्ने

शब्दलाई गर` का बनाइएको छ । सबै प्रश्नपत्रहरूमा प्र.नं.१५ मा कुनै एकको (हुनुपर्ने : कुनै एक प्रश्नको) सप्रसङ्ग व्याख्या गर भनिएको छ । यस्ता त्रुटिहरू देखिन्छन् ।

### ३.६ अन्त्यमा

प्रश्नपत्रको बा□य आधारअन्तर्गत निर्देशन अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नको स्वरूप र भाषा पर्दछन् । बा□य आधारको प्रभाव आन्तरिक आधारको प्रभावकारितामा समेत पर्ने भएकाले प्रश्नपत्रमा आन्तरिक आधारका साथसाथै बा□य आधार पनि सबल हुनु जरूरी छ । नेपाली भाषाजस्तो विषयको प्रश्नपत्र निर्माण गर्दा यसको स्वरूपदेखि लिएर वर्णविन्यासगत त्रुटिमासमेत सचेतता अपनाउनु पर्दछ । बा□य आधारमा भएको सानो गल्तीले अपेक्षित उत्तरलाई असर परी परीक्षणीय पत्र ओझेलमा पर्छ । त्यसका लागि प्रश्न निर्माणकर्ता चनाखो हुनुपर्ने हुन्छ । त्यसैले प्रश्नपत्रमा दिइने निर्देशन स्पष्ट, शुद्ध, अङ्क विभाजन र समय निर्धारणबीच तालमेल भएको, प्रश्नहरूको प्रस्तुति अनुक्रम मिलेको, प्रश्नपत्रको आकार मध्यम खालको तथा कागज राम्रो हुनु आवश्यक छ ।

# अध्याय चार : आन्तरिक आधारमा २०६७ सालका अनिवार्य नेपाली विषयका प्रश्नहरूको अध्ययन

प्रश्नपत्र विश्लेषणको आन्तरिक आधारलाई महत्त्वपूर्ण आधारको रूपमा लिने गरिन्छ । प्रश्नपत्रको स्तरीयता, वैधता, विश्वसनीयता, उद्देश्यपूर्णता आदिको निर्धारणसमेत आन्तरिक आधारले नै गर्दछ । असल प्रश्नपत्र निर्माण गर्न बाह्य आधारको जति महत्त्व हुन्छ, त्योभन्दा बढी महत्त्व आन्तरिक आधारको हुन्छ । प्रश्नपत्रको आन्तरिक बनोटले परीक्षणको दिशा निर्धारित गर्दछ, सीमाङ्कन गर्दछ र मूल्यको उद्देश्य हासिल गराउन मात्र निर्देश गर्दछ । प्रश्नपत्रको आन्तरिक पक्षले प्रश्नहरूको वास्तविक गुण र स्तर निर्माण गर्नेमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले यस आधारलाई विश्लेषणको महत्त्वपूर्ण पक्ष मानिन्छ (लम्साल र अन्य, २०६६ : १०९) । प्रतिनिधि प्रश्नपत्रहरूमा पाँचै विकास क्षेत्रका प्रश्नपत्रहरूलाई निम्नानुसार तुलनात्मक अध्ययन विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.१ माध्यमिक तहको पाठ्यक्रम अनुरूपता

परीक्षणका निम्ति उपयोगमा ल्याइने प्रश्नहरूले पाठ्यक्रमको समग्रतालाई प्रतिनिधित्व गर्न सक्नु पर्दछ । भाषा विषयका प्रश्नहरू परीक्षणीय दृष्टिले प्रतिनिधिमूलक हुनुपर्दछ । माध्यमिक तहको पाठ्यक्रम अनुरूपका दृष्टिले विधा वा विषयवस्तुको उद्देश्य, प्रश्न विधा वा विषयवस्तुको सीमा र विधाको अङ्कभार, प्रश्न सन्तुलन तथा विधागत समय र प्रश्न सापेक्षता आदि उपआधारलाई ख्याल गर्ने प्रयास गरिन्छ । यहाँ यिनै आधारलाई अवलम्बन गरी प्रश्नले पाठ्यक्रमका उद्देश्य, विधा, क्षेत्र, अङ्कभार आदि अनुसार प्रतिनिधि प्रश्नहरूको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.१.१ विधा वा विषयवस्तुको उद्देश्य र प्रश्न

भाषाका चारवटा सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइ लाई धयानमा राख्दै शब्दभण्डार समेतको विकास गराउने उद्देश्यले माध्यमिक शिक्षा पाठ्यक्रममा कथा, कविता, जीवनी, चिठी, रूपक, दैनिकी, निबन्ध, भाषातत्त्व/व्याकरण र शब्दभण्डार जस्ता ९ वटा विधा समावेश गरिएको छ । पाठ्यक्रममा नेपाली विषयका लागि कूल १०० पूर्णाङ्क, साप्ताहिक पाठ्यभार ५ र वार्षिक पाठ्यभार १५० तोकेको छ (खानिया, २०६६ : ८९) । पाठ्यक्रममा उल्लिखित कथा, जीवनी र कविता विधाको प्रयोजन पढाइ सीपको अभिवृद्धि गर्नु हो भने निबन्ध विधाको मूल प्रयोजन लेखाइ सीपको विकास गर्नु भए पनि आंशिक रूपमा पढाइ सीपको विकासमा सहयोग पुऱ्याउनु पनि हो । लेखाइ सीपको विकास गराउन पाठ्यक्रममा चिठी, दैनिकी जस्ता विधाहरू समाविष्ट छन् । संवाद, वादविवाद, मनोवाद, एकाङ्कीजस्ता विधाहरूको उद्देश्य सुनाइ र बोलाइ सीपको विकास गर्नु रहेपनि मूल्याङ्कनीय दृष्टिले यी विधाहरूको समावेश लेखाइ, पढाइ सीपको विकास गर्नु रहेको देखिन्छ ।

उल्लिखित आधारमा प्रतिनिधि प्रश्नहरूमा विशुद्ध पढाइ सीप परीक्षण र एकीकृत सीप परीक्षण गरी दुई किसिमबाट भाषिक सीपको परीक्षण गर्ने उद्देश्य रहेको पाइन्छ । विशुद्ध पढाइ सीप परीक्षणका लागि निर्देशित रचनासम्बन्धी र स्वतन्त्र लेखनसम्बन्धी प्रश्नहरू पनि सोधिएको पाइनछ । यसैगरी पढाइ र लेखाइ र एकीकृत सीप परीक्षण गर्न विवेचनात्मक प्रश्न, व्याख्यात्मक प्रश्न, सारांश लेखनसम्बन्धी प्रश्नहरूको निर्माण भएको देखिन्छ । भाषिक सबलता प्रस्तुत गर्नका लागि तथा आंशिक रूपमा लेखाइ सीप परीक्षण गर्न व्याकरणात्मक प्रश्न, शब्दभण्डारगत प्रश्न, शुद्धीकरण गर्ने प्रश्नहरू निर्माण भएको देखिन्छ । यसरी हेर्दा २०६७ सालका प्रश्नहरू पूर्ण रूपमा विशिष्टीकरण तालिकाअनुसार निर्माण भएको देखिन्छ ।

### ४.१.२ विषयवस्तुको सीमा र प्रश्न

माध्यमिक तहको माठ्यक्रमले नेपाली विषयका लागि कथा, कविता, जीवनी, निबन्ध, रूपक, चिठी, दैनिकी, भाषातत्त्व (व्याकरण) र शब्दभण्डार गरी जम्मा ९ वटा विधाको निर्धारण गरेको छ । यी सबै विधाहरूलाई विभिन्न क्षेत्रहरूमा वर्गीकरण गरी पाठ्यक्रमले सीमासमेत निर्धारण गरेको पाइन्छ । २०६३ सालबाट प्रवेशिका परीक्षामा कक्षा १० बाट मात्र सोधिने प्रणालीलाई निरन्तरता दिदै २०६७ का प्रतिनिधि प्रश्नहरूमा कक्षा १० को पाठ्यपुस्तकमा आधारित रहेर निर्माण गरिएको विशिष्टीकरण तालिकासँग मेल खाने गरी प्रश्नपत्र निर्माण गरिएको देखिन्छ ।

### ४.१.३ विधाको अङ्कभार र प्रश्न सन्तुलन

कुनै पनि प्रश्नपत्रमा रहेका प्रश्नहरूको पाठ्यक्रममा तोकिएको अङ्कभारलाई अवलम्बन गरी प्रश्नसँग सन्तुलन कायम गराउनु पर्दछ । माध्यमिक शिक्षाको पाठ्यक्रमले विधाअनुसार तय गरेको अङ्कभारलाई तलको तालिकामा प्रस्तुत गरिन्छ ।

तालिका नं. ६ : विधाको अङ्कभार र प्रश्न सन्तुलन

| क्र.सं. | क्षेत्र पढाइ र लेखाइ | विधा | जम्मा अङ्क |
|---|---|---|---|
| १ | विवेचनात्मक | कथा, कविता, जीवनी | १० |
| २ | सङ्क्षिप्त उत्तर | कथा, कविता, जीवनी, निबन्ध, रूपक | १५ |
| ३ | बोध | कथा, जीवनी, निबन्ध वा अन्य लेखबाट दृष्टांश वा अदृष्टांश अनुच्छेद | ५ |
| ४ | सारांश | कथा, कविता, जीवनी, निबन्ध, रूपक आदिबाट | ५ |
| ५ | व्याख्या | कथा, कविता, जीवनी, निबन्ध, रूपक | ५ |

| | | | |
|---|---|---|---|
| | | आदिबाट | |
| ६ | स्वतन्त्र लेखन रचना | चिठी, निबन्ध, दैनिकी, सारांश, रूपक, मनोवाद, वादविवाद | २० |
| ७ | व्याकरण | पदसङ्गति, काल पक्ष, वाक्य, धातु, शब्दवर्ग, वाक्यसंश्लेषण र विश्लेषण, चिन्ह, शब्दनिर्माण प्रक्रिया र वर्णविन्यास | २३ |
| ८ | शब्दभण्डार | पाठमा प्रयुक्त शब्द विशिष्ट शब्द, अनुकरणात्मक शब्द उखान टुक्का | १२ |
| ९ | निर्देशित रचना | कथा, जीवनी | ५ |

(स्रोत : माध्यमिक पाठ्यक्रम २०६४)

माथिको तालिकाका आधारमा प्रतिनिधि प्रश्नको अध्ययन गर्दा सङ्क्षिप्त उत्तर लेख्ने प्रश्नका लागि १५ अङ्क विभाजन गरेको देखिन्छ तर प्रश्नपत्रहरूमा सङ्क्षिप्त उत्तरका लागि १० अङ्क मात्र छुटयाइएको छ । तर विशिष्टीकरण तालिकाले सङ्क्षिप्त उत्तर छुट्याइएको विधामध्येबाटै तार्किक शील्प भनेर ५ अङ्क छुट्याएर यसलाई पनि सङ्क्षिप्त उत्तरमार्फत् नै राखेको पाइन्छ । त्यसकै आधारमा प्रश्न निर्मित रहेको छ । त्यसो हुँदा यसलाई विधाअनुसारको प्रश्न र अङ्कभार र प्रश्नको सन्तुलन मिलेको देखिन्छ ।

### ४.१.४ विधागत समय र प्रश्न सापेक्षता

नेपाली भाषा विषयको पाठ्यक्रमलाई हेर्दा विधागत आधारमा अङ्क विभाजन गरे तापनि विधाअनुसार समयको किटान गरिएको पाइदैन । पाठ्यपुस्तक शिक्षणका लागि मात्र पाठ्यभार छुट्याइएकाले विधागत समय भने छुट्याइएको पाइदैन ।

यस आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा प्रत्येक प्रश्न तथा उपप्रश्नका लागि अङ्क निर्धारण गरिएको जस्तो समय निर्धारण गरिएको पाइदैन । प्रश्नको अङ्कभार र निर्देशकका आधारमा विद्यार्थी स्वयम्ले नै समयको सन्तुलन मिलाउनु पर्ने देखिन्छ । प्रश्नको अङ्कभारअनुसार नै प्रतिनिधि प्रश्नपत्रमा विद्यार्थीलाई निर्देशन दिइएको देखिन्छ । विवेचना गर्ने, निबन्ध लेख्ने जस्ता प्रश्नलाई १० अङ्क छुट्याइएबाट र सङ्क्षिप्त उत्तर लेख्ने प्रश्न, व्याख्या गर्ने प्रश्नलाई ५ अङ्क

छुट्याइएबाट विद्यार्थी आफैंले समयको ख्याल गर्नुपर्ने पाइन्छ । विशिष्टीकरण तालिकामा भने विधागत समय निर्धारण गरिएको छ र सोही तालिकाअनुसार प्रश्नपत्र निर्मित भएका हुँदा विधागत समय र प्रश्न सापेक्षता मिलेको छ भन्न सकिन्छ ।

## ४.२ भाषिक पक्षहरूको संयोजन र सन्तुलन

सामान्यतया भाषिक पक्षँहरू सीपसँग सम्बन्धित हुने गर्दछन् । भाषिक सीप भन्नाले पढाइ, लेखाइ, सुनाइ र बोलाइसँग सम्बन्धित सीप भन्ने बुझिन्छ । प्रश्न निर्माण गर्दा माध्यमिक तहमा सुनाइ, बोलाइ बढी प्रभावकारी हुने भएकाले प्रश्न निर्माण गर्दा सुनाइ बोलाइ सीपका सन्दर्भमा सीपको परीक्षण गरेबाट पनि प्रवेशिकाका सन्दर्भमा सीपको परीक्षण गर्नुपर्दछ भन्ने कुराको आधार प्रकट गरेको पाइन्छ ।

भाषिक पक्षअन्तर्गत पढाइ सीप शब्दभण्डार क्षमता व्याकरणिक ज्ञान प्रयोगसम्बन्धी सीपहरू पर्दछन् । यी पक्षहरूको संयोजन र सन्तुलन प्रवेशिका परीक्षा २०६७ मा निम्नानुसार गरिएको छ ।

### ४.२.१ पढाइ सीप परीक्षण

मा.वि. तहको तुलनामा पाठ्यक्रमले पढाइ सीप विकासका लागि कथा, जीवनी, कविता विधालाई मुख्य रूपमा समावेश गरे पनि आंशिक रूपमा निबन्ध विधालाई पनि पढाइ सीप विकासका लागि समावेश गर्न सकिन्छ । पढाइ सीपलाई प्रतिनिधि प्रश्नहरूमा निम्नानुसार जोड दिइएको पाइन्छ ।

**तालिका नं. ७ : पढाइ सीप परीक्षण**

| क्र.सं. | प्रश्नपत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | संक्षिप्त उत्तरात्मक प्रश्न | पठनबोध | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|

| | | | | ज.सो.प्र.स. | ज.उ.प्र.स. | ज.सो.प्र.स. | ज.उ.प्र.स | ज.सो.प्र.स. | ज.उ.प्र.स. | अङ्क वितरण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल | १०० | ३२ | ४ | ३ | १५ | ५ | ५ | ९ | २० | |
| २ | मध्यमाञ्चल | १०० | ३२ | ४ | ३ | १५ | ५ | ५ | ९ | २० | |
| ३ | पश्चिमाञ्चल | १०० | ३२ | ४ | ३ | १५ | ५ | ५ | ९ | २० | |
| ४ | मध्य पश्चिमाञ्चल | १०० | ३२ | ४ | ३ | १५ | ५ | ५ | ९ | २० | |
| ५ | सुदुर पश्चिमाञ्चल | १०० | ३२ | ४ | ३ | १५ | ५ | ५ | ९ | २० | |

(स्रोत : माध्यमिक पाठ्यक्रम २०६४)

ज.सो.प्र.स. - जम्मा सोधिएका प्रश्न सङ्ख्या

ज.उ.प्र.स. - जम्मा उत्तर दिनुपर्ने प्रश्न सङ्ख्या

प्रस्तुत तालिकामा प्रतिनिधि प्रश्नपत्र २०६७ का वैकल्पिक प्रश्न सहितका सङ्क्षिप्त उत्तरात्मक प्रश्न ४ वटा पाठगत प्रश्न अनुच्छेदसहित ५/५ वटा बोधप्रश्न निर्माण गरेको देखिन्छ ।

### ४.२.२ लेखाइ सीप परीक्षण

पाठ्यक्रम तथा पाठ्यपूस्तकमा राखिएका निबन्ध, प्रबन्ध, चिठी, दैनिकी आदि विधाबाट पढाइ सीपको विकास गराउने उद्देश्य राखिए तापनि उक्त विधाको मुख्य प्रयोजन चाहिँ लेखाइ सीपको विकास गराउनु हो । लेखाइ सीपका लागि निम्नलिखित तालिकाले देखाएअनुरूप प्रश्नको उपयोग गरिएको देखिन्छ ।

**तालिका नं. ८ : लेखाइ सीप परीक्षण**

| क्र.सं. | प्रश्नपत्र | नियन्त्रित | | निबन्ध लेखन | | चिठी लेखन | | वादविवाद | | मनोवाद | | जम्मा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | अङ्क | जम्मा | अङ्क | जम्मा | अङ्क | जम्मा | अङ्क | जम्मा | अङ्क | जम्मा | अङ्क | |

| | | अङ्क | वितरण | अङ्क | वितरण | अङ्क | वितरण | अङ्क | वितरण | अङ्क | वितरण | अङ्क | वितरण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल | (२-१) | ५ | ३-१ | १० | १ | (५)$^{G}$ | १ | ५ | ८ | (५)$^{G}$ | ८ | २५ | |
| २ | मध्यमाञ्चल | (२-१) | ५ | ३-१ | १० | १ | (५)$^{G}$ | १ | ५ | ८ | (५)$^{G}$ | ८ | २५ | |
| ३ | पश्चिमाञ्चल | (२-१) | ५ | ३-१ | १० | १ | (५)$^{G}$ | १ | ५ | ८ | (५)$^{G}$ | ८ | २५ | |
| ४ | मध्य पश्चिमाञ्चल | (२-१) | ५ | ३-१ | १० | १ | (५)$^{G}$ | १ | ५ | ८ | (५)$^{G}$ | ८ | २५ | |
| ५ | सुदुर पश्चिमाञ्चल | (२-१) | ५ | ३-१ | १० | १ | (५)$^{G}$ | १ | ५ | ८ | (५)$^{G}$ | ८ | २५ | |

(स्रोत : माध्यमिक पाठ्यक्रम २०६४)

* विकल्प प्रश्न

() मा उल्लिखित अघिल्लो अङ्कले जम्मा प्रश्न सङ्ख्या र पछिल्लो अङ्कले जम्मा उत्तर दिनुपर्ने प्रश्न सङ्ख्या बताउँछ ।

माथिको तालिकालाई अध्ययन गर्दा २०६७ मा लेखाइ सीप परीक्षणका लागि स्वतन्त्र रचनाअन्तर्गत निबन्धलेखनका लागि १० अङ्क विकल्प प्रश्नका रूपमा वादविवाद र मनोवाद ५ अङ्क निर्धारण गरिएको पाइन्छ । २०६७ सालका सबै विकास क्षेत्रका प्रश्नहरूमा लेखाइ सीप परीक्षणका निम्ति चिठी, निबन्ध र वादविवाद वा मनोवाद लेखन गरी २० अङ्क जीवनी वा कथा लेखनका लागि ५ अङ्क गरी जम्मा २५ अङ्क लेखाइ सीप परीक्षणका लागि निर्धारण गरिएको देखिन्छ ।

## ४.२.३ पढाइ र लेखाइ एकीकृत सीप परीक्षण

प्रतिनिधि प्रश्नहरू निर्माण गर्ने क्रममा पढाइ सीप परीक्षण र लेखन सीप परीक्षणका अतिरिक्त पढाइ लेखाइ सीपको पनि एकीकृत रूपमा परीक्षण गर्ने उद्देश्य पनि रहेको देखिन्छ । यस्ता प्रकृतिका प्रश्नलाई निम्नलिखित तालिकामा देखाइन्छ ।

**तालिका नं. ९ : पढाइ लेखाइ एकीकृत सीप परीक्षण**

| क्र.सं. | प्रश्नपत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | लामो उत्तरात्मक प्रश्न | | | सारांश लेखन | | व्याख्यात्मक प्रश्न | | | जम्मा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने प्रश्न सङ्ख्या | अङ्क वितरण | जम्मा प्रश्न | अङ्क वितरण | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने प्रश्न सङ्ख्या | अङ्क वितरण | जम्मा सङ्ख्या | अङ्क वितरण | |
| १ | पूर्वाञ्चल | १०० | ३२ | २ | १ | १० | १ | ५ | १ | ५ | ५ | १ | २० | |
| २ | मध्यमाञ्चल | १०० | ३२ | २ | १ | १० | १ | ५ | १ | ५ | ५ | १ | २० | |
| ३ | पश्चिमाञ्चल | १०० | ३२ | २ | १ | १० | १ | ५ | १ | ५ | ५ | १ | २० | |
| ४ | मध्य पश्चिमाञ्चल | १०० | ३२ | २ | १ | १० | १ | ५ | १ | ५ | ५ | १ | २० | |
| ५ | सुदुर पश्चिमाञ्चल | १०० | ३२ | २ | १ | १० | १ | ५ | १ | ५ | ५ | १ | २० | |

(स्रोत : माध्यमिक पाठ्यक्रम २०६४)

माथिको तालिकामा २०६७ सालका प्रश्नहरूमा पढाइ र लेखाइ सीपको एकीकृत परीक्षण गर्ने प्रश्नहरूको निर्माण गरिएको देखिन्छ । यस एकीकृत सीप परीक्षणका लागि विवेचनात्मक प्रश्नका लागि १० अङ्कभार निर्धारण गरिएको पाइन्छ भने सप्रसङ्ग व्याख्याका लागि ५ अङ्क मात्र निर्धारण गरिएको पाइन्छ । त्यस्तै सारांश लेखनका लागि ५ अङ्कभार निर्धारण गरी पढाइ र लेखाइ सीप परीक्षणका लागि पाँचै विकास क्षेत्रमा २० अङ्क वितरण गरिएको पाइन्छ ।

### ४.२.४ शब्दभण्डार क्षमता परीक्षण

माध्यमिक तहको नेपाली पाठ्यक्रमले प्रवेशिका परीक्षामा क्षमता परीक्षणका लागि पर्यायवाची शब्द, अनेकार्थी शब्द, अनुकरणात्मक शब्द, विपरीतार्थी शब्द, श्रुतिसमभिन्नार्थी शब्द, पारिभाषिक/प्राविधिक शब्द तथा उखान टुक्कालाई समावेश गरेको छ । जसअन्तर्गत शब्दार्थ र वाक्यमा प्रयोग पर्दछन् । शब्दभण्डार क्षमता परीक्षणका लागि प्रतिनिधि प्रश्नहरूमा निम्नलिखित तथ्य पाइन्छ ।

**तालिका नं. १० : शब्दभण्डार परीक्षण**

| क्र.सं. | विकासक्षेत्र | पर्यायवाची शब्द | | अर्थ पहिचान | | अनेकार्थी शब्द | | विपरितार्थी शब्द | | श्रुतिसमभिन्नार्थी शब्द | | टुक्का | | उखान | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रश्न | जम्मा | प्रश्न | जम्मा | प्रश्न | जम्मा | प्रश्न | जम्मा | प्रश्न | जम्मा | प्रश्न | जम्मा | प्रश्न | जम्मा | प्रश्न | जम्मा | |
| १ | पूर्वाञ्चल | २ | २ | ८ | ४ | १ | १ | २ | २ | १ | १ | २ वा | २ | १ वा | १ | २ वा | २ | १५ |
| २ | मध्यमाञ्चल | २ | २ | ८ | ४ | १ | १ | २ | २ | १ | १ | २ वा | २ | १ वा | १ | २ वा | २ | १५ |
| ३ | पश्चिमाञ्चल | २ | २ | ८ | ४ | १ | १ | २ | २ | १ | १ | २ वा | २ | १ वा | १ | २ वा | २ | १५ |
| ४ | मध्य पश्चिमाञ्चल | २ | २ | ८ | ४ | १ | १ | २ | २ | १ | १ | २ वा | २ | १ वा | १ | २ वा | २ | १५ |
| ५ | सुदुर पश्चिमाञ्चल | २ | २ | ८ | ४ | १ | १ | २ | २ | १ | १ | २ वा | २ | १ वा | १ | २ वा | २ | १५ |

(स्रोत : माध्यमिक पाठ्यक्रम २०६४)

प्रतिनिधि प्रश्न २०६७ मा शब्दभण्डार क्षमताको परीक्षण गर्ने अर्थ पहिचान गरी जोडा मिलाउनुहोस् भन्ने शीर्षकमा आठ शब्द (क) मा समावेश गरिएका छन् । खाली ठाउँ भर्नुहोस्मा ६ वटा शब्द समावेश गरी ६ वटा प्रश्नहरू सोधिएका छन् । वाक्यमा प्रयोग गर्नुहोस् भन्ने शीर्षकमा उखान टुक्का, अनुकरणात्मक शब्द, अन्य शब्द गरी ५ शब्दहरू समावेश गरिएका छन् । यसप्रकार अङ्कभार १५ शब्दभण्डार क्षमताको परीक्षण गर्न खोजेको पाइन्छ ।

### ४.२.५ व्याकरण परीक्षण

व्याकरण शिक्षण गर्नु भनेको बालबालिकाहरूलाई ठीक-बेठीक, शुद्ध-अशुद्ध जस्ता पक्षको ज्ञान गराउनु हो । यसको मूल प्रयोजन नै भाषिक शुद्धतामा जोड दिनु हो । माध्यमिक शिक्षाको हालको संरचना अनुसार पदसङ्गति, काल, पक्ष, भाव, वाच्य, धातु, कारक, विभक्ति, शब्दवर्ग, वाक्य संश्लेषण , विश्लेषण, चिन्हहरू, शब्द निर्माण प्रक्रिया र वर्णविन्यास गरी जम्मा ११ वटा पक्षहरू समावेश गरेको पाइन्छ ।

### ४.२.६ व्याकरणात्मक संज्ञान बोध र अङ्कभार

संज्ञान बोधअन्तर्गत प्रारम्भिक सिकाइका कुराहरू विशिष्ट लक्ष्य, पुन: स्मरण, प्राप्त सूचना र प्रतिक्रियाको मूल्याङ्कन गर्ने खालका प्रश्नहरू र विद्यार्थीले सिकेका कुराहरूको व्याख्या र वर्णन गर्ने खालका प्रश्नहरू सोध्ने क्रममा माध्यमिक शिक्षा पाठ्यक्रम २०५५ ले संज्ञान बोधमूलक प्रश्नहरू निर्माण गर्ने व्यवस्था गरेको पाइन्छ । विद्यार्थीले पाठ्यपुस्तकबाट आर्जन गरेको ज्ञानलाई ज्ञान र बोधका आधारमा मूल्याङ्कन गर्नका लागि पहिचानात्मक, संज्ञानमूलक, संस्मरणमूलक, अनुमानात्मक, कारणबोधक, तुलनात्मक तथा मूल्याङ्कनात्मक गुण भएका प्रश्नका आधारमा विद्यार्थीको क्षमता परीक्षण गर्ने व्यवस्था मिलाएको देखिन्छ ।

प्रश्नहरूको २०६७ अध्ययन गर्दा ज्ञान, बोधअन्तर्गत अर्थ पहिचान ४ अङ्कभार निर्धारण गरिएको छ । अनेकार्थी, पर्यायवाची, श्रुतिसमभिन्नार्थी , विपरीतार्थी गरी ५ वटा पाठगत सङ्क्षिप्त उत्तरात्मक बोध प्रश्नका लागि कथा, कविता, निबन्ध, विभिन्न लेखरचना, अदृष्टांश, गद्यँ ंश दिई त्यससम्बन्धी एक वा दुई वाक्यमा उत्तर आउने खालका पाँच प्रश्न सोध्ने भनी विशिष्टीकरण तालिकामा उल्लेख गरिएको पाइन्छ ।

## ४.३ प्रश्नमा हुनुपर्ने गुण

प्रश्नमा नभई नहुने गुणहरूलाई नै प्रश्नमा हुनुपर्ने गुण भनिन्छ । यस अन्तर्गत वैधता, विश्वसनीयता, विभेदकारीता तथा व्यवहारिकता पर्दछन् । प्रश्नपत्र स्तरीय हुनका लागि माथि उल्लिखित गुणले युक्त प्रश्नहरू हुन आवश्यक छ । प्रश्न सबल हुनु र दुर्बल हुनुमा यिनै गुणहरूले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यहाँ यिनै आधारहरूमा प्रतिनिधि प्रश्नहरूको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.३.१ विश्वसनीयता

विश्वसनीयतालाई कुनै पनि क्षेत्रको परीक्षण साधनमा नभई नहुने गुण मानिन्छ । विश्वसनीयता मापनको साधनको त्यो गुण हो, जसलाई परीक्षार्थीहरूमा विकास भएको ज्ञान, सीप, अभिवृद्धि जस्ता पक्षहरूको मापन गर्न पटक पटक प्रयोग गर्दा नतिजामा एकरूपता देखा पर्दछ । यसरी परीक्षणका साधनमा त्यो गुण हुनु पर्दछ, जसले समान व्यवहारको मापन फरक फरक समयमा गर्दा समान नतिजा देखाउँछ अथवा नतिजा अङ्कनको एकरूपता र स्थिरता जस्ता मापनको साधनको गुणलाई विश्वसनीयता भनिन्छ (पराजुली र अन्य, २०६५ : १५०) ।

### ४.३.२ वैधता

विद्यार्थीका जुन गुण, विशेषता वा क्षमताहरूलाई मापन गर्न परीक्षण निर्माण गरिन्छ, परीक्षण साधनले गुणलाई मापन गर्न सकेको मात्रालाई नै वैधता भनिन्छ । कुनै परीक्षणको साधन त्यसबेला मात्र वैध भएको मानिन्छ, जब सो परीक्षण साधनको तीनै गुण तथा क्षमताहरूलाई शुद्ध र प्रभावपूर्ण तरिकाबाट मापन गरेको सुनिश्चित गर्दछ, जुन गुण तथा क्षमताहरूलाई मापन गर्न उक्त परीक्षण निर्माण गरिएको हुन्छ (भट्ट, २०६७ : १२२) ।

वैधता प्रश्नपत्रको अनिवार्य सर्त हो, जसले प्रश्नको औचित्यलाई प्रष्ट पार्ने काम गर्दछ । बैधताको काम भनेको नै मापनका साधनहरूले उद्देश्यअनुसार मापन गर्न सके नसकेको लेखाजोखा गर्दछ । त्यसैले यो प्रश्नपत्रको अनिवार्य गुण मानिन्छ । वैधताबिनाको परीक्षण उपलब्धिमूलक भने हुँदैन ।

#### ४.३.२.१ रचनात्मक वैधता

विद्यार्थीको परीक्षाको प्राप्ताङ्कलाई तिनको आचरण वा गुणको आधारमा व्याख्या गर्ने गरिन्छ भने त्यसलाई रचनात्मक वैधता भनिन्छ । परीक्षणीय प्रश्नले सम्बन्धित विषयको ज्ञान र प्रयोग दक्षताको परीक्षण गर्नुका साथै अन्तर्निहित भावना एवम् प्रस्तुतिगत अभिक्षमताको पनि परीक्षण गर्न सक्नु पर्दछ । विद्यार्थीको अन्तरमनसँग सम्बद्ध तार्किक, संवेगिक, बौद्धिक, मौलिक एवम् सिर्जनात्मक कुशलताको जाँच गर्न सक्ने प्रश्नहरू नै रचना बैधतायुक्त मानिन्छन् ।

### ४.३.२.२ विषयगत वैधता

कुनै पनि परीक्षणमा समावेश गरिएका प्रश्नहरूले सम्पूर्ण विषयवस्तुको प्रतिनिधित्व गर्छन् भने त्यस्तो जाँचमा विषयगत वैधता रहेको मानिन्छ (ज.ब.रा. र अन्य, २०६४ : १९०) । पाठ्यक्रमबाट परीक्षणको सह-सम्बन्ध स्थापित गरी वैधता लगाइन्छ भने त्यस्तो वैधतालाई विषयगत वैधता भनिन्छ । अर्थात् कुनै परीक्षणले कुनै पाठ्यवस्तुको वा पाठ्यक्रमको उद्देश्यलाई पूरा गर्दछ भने त्यसलाई विषयगत वैधता भनिन्छ । विषयगत वैधतामा विद्यार्थीको स्तर अनुकूलका प्रश्न, शुद्ध भाषा र सरल भाषा, स्पष्ट निर्देशन, सम्पूर्ण पाठ्यक्रमलाई ओगट्न सक्ने प्रश्न, पाठ्यांश र अङ्कभारको समान अनुपात प्रश्नको अनुक्रम र चाहेको परिवर्तनलाई मापन गर्न सक्ने खालका परीक्षण प्रश्न निर्माणमा ध्यान पुऱ्याउनु पर्दछ ।

### ४.३.२.३ अनुमानात्मक वैधता

जब परीक्षणको प्राप्ताङ्कको आधारमा भविष्यका क्रियाकलापलाई पूर्वानुमान गरिन्छ भने यसप्रकारको वैधतालाई अनुमानात्मक वैधता भनिन्छ । वास्तवमा कुनै पनि परीक्षार्थीद्वारा क्षमता प्रदर्शन भएर पनि उसको भविष्यबारे कुनै न कुनै अनुमान गर्न सकिदैन भने त्यस्ता प्रकृतिका प्रश्न अनुमानात्मक वैधताका दृष्टिले अवैध मानिन्छ ।

### ४.३.२.४ समवर्ती वैधता

वर्तमान अवस्थामा नै एक परीक्षण र अर्को परीक्षण बीचको सम्बन्धका आधारमा वैधता जाँच्नुलाई समवर्ती वैधता भनिन्छ (शर्मा एण्ड शर्मा, २०६१ : २२३) । यदि अहिले गरेको परीक्षण र पछि गरेको दुबै परीक्षण मार्फत प्राप्त नतिजामा निकटवर्ती समानता भयो भने त्यस्तो प्रश्नपत्रमा समवर्ती वैधता हुन्छ । सैद्धान्तिक रूपमा समवर्ती वैधताको सामान्य चर्चा गरिए पनि प्रस्तुत शोधकार्यमा सङ्कलित प्रतिनिधि प्रश्नहरूको परीक्षण नतिजा र पूर्वपरीक्षण नतिजासमेत नभएको कारणले प्रतिनिधि प्रश्नहरूको समवर्ती वैधता जाँच गर्न असम्भव प्राय: भएकाले यसबारे अध्ययन विश्लेषण गरिएको छैन ।

### ४.३.३ विभेदीकारिता

प्रतिनिधि प्रश्नहरू २०६७ मा अदृष्टांश बोध प्रश्नका लागि ५ अङ्कभार, सारांश लेखनका लागि ५ अङ्कभार, स्वतन्त्र रचनाका लागि ५ अङ्कभार छुट्याएर विभेदकारिताको दृष्टिकोणले विभेदकारिता ल्याउन खोजेको पाइन्छ ।

प्रश्नपत्रहरूमा पहिचानात्मक उत्पादनात्मक दुबै प्रकृतिका प्रश्नहरूको निर्माण गर्नु र पढाइ सीप, लेखाइ सीप, एकीकृत सीप, शब्दभण्डार सीप र व्याकरणात्मक सीप परीक्षण गर्ने प्रश्नहरूको निर्माण गरी विभेदकारितासम्बन्धी गुण समावेश गर्न खोजिएको देखिन्छ ।

### ४.३.४ व्यावहारिकता

परीक्षणीय प्रश्नहरूमा व्यावहारिकताको गुण रहनु अनिवार्य हुन्छ । मापनका साधन निर्माण तथा प्रयोगमा समय, प्रविधि, जनशक्ति जस्ता व्यावहारिक दृष्टिले उपयुक्त बनाउनु महत्त्वपूर्ण हुन जान्छ । परीक्षणलाई व्यावहारिक बनाउन यसका आन्तरिक तत्त्वहरू जस्तै: प्रश्न सङ्ख्या, प्रश्नको किसिम, कठिनाइ स्तर र उत्तर लेखनका लागि आवश्यक पर्ने समयावधि उपयुक्त र सुहाउँदो हुनु पर्दछ (पराजुली र अन्य, २०६५ : १०) ।

प्रश्नपत्रलाई व्यावहारिकता बनाउन परीक्षणको उपयुक्त समय, मितव्ययिता, नतिजा, विश्लेषण, अङ्कन जस्ता पक्षहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले उक्त कुराहरूमा ध्यान पुऱ्याउनु पर्छ । तसर्थ प्रश्नपत्रलाई व्यावहारिक बनाउनका लागि उत्तरलेखनका लागि उपयुक्त समयावधि, अनुकूल वातावरण, अङ्कन प्रक्रिया पनि सरल सहजै बुझ्न सक्ने खालको हुनु पर्दछ । परीक्षणमा उपयोग गरिने प्रश्नहरू विश्वसनीय, बैध, सरल, स्पष्ट निर्देशन हुनुका साथै अङ्कभार र समयबीच सन्तुलन मिलेका, स्तरीय कागजमा प्रष्ट र उचित आकारका अक्षर भएका साथै खर्चमा सजिलो किसिमले परीक्षण गर्न सकिने खालका छन् भने तिनलाई व्यावहारिक प्रश्न मानिन्छ ।

यस आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा प्रश्न सङ्ख्या र निर्धारित समय उपयुक्त देखिन्छ । खर्चको दृष्टिकोणबाट प्रश्नपत्र मितव्ययी छन् र मध्यम स्तरीय कागजको प्रयोग भएका

छन् । विषयगत प्रश्नले अङ्कन प्रक्रियामा केही जटिलता उत्पन्न गरे तापनि व्याकरण र शब्दभण्डारगत प्रश्नहरूको अङ्कन गर्न भने सरल नै देखिन्छ । जीवनी लेख्ने क्षमता यस तहका बालबालिकामा त्यति नभई सकेको हुँदा उत्कृष्ट लेखनको अपेक्षा राख्नु चाहिँ अव्यावहारिक देखिन्छ ।

## ४.४ भाषा

प्रश्नको भाषा जति धेरै स्पष्ट र त्रुटिरहित भयो त्यतिकै आकर्षक र विश्वसनीय बन्दछ । प्रश्नमा प्रयुक्त भाषाका शुद्ध, अशुद्ध, स्पष्ट र अष्पष्ट तथा सरल जटिलपनको प्रश्नको गुणात्मकतालाई असर पार्दछ । प्रश्नपत्रमा प्रयोग भएको भाषा बहुअर्थी भयो भने प्रश्नको विश्वसनीयता र वैधतामा आघात पर्दछ ।

२०६७ सालका प्रतिनिधि प्रश्नहरूमा त्रुतिहरू सामान्य भए तापनि गम्भीर प्रकृतिका त्रुटिहरू भने पाइएका छैनन् । प्रश्नको भाषामा पाइएका सामानय त्रुटिहरूको चर्चा अघिल्लो अध्यायमा नै गरिसकिएको छ ।

## ४.५ प्रश्नका विविध पक्षहरू

हाम्रोजस्तो देशमा लिखित परीक्षालाई नै परीक्षणको मुख्य साधनको रूपमा लिइएको पाइन्छ । त्यसमा पनि नेपाली विषय त त्यो भन्दा अलग छैन । यसरी प्रयोगमा ल्याइने परीक्षणले पाठ्यक्रमका समग्रतालाई प्रतिनिधित्व गर्न सक्नु पर्दछ ।

प्रतिनिधि प्रश्नपत्रको कुरा गर्दा विषयगत प्रकृतिका प्रश्नहरूको परीक्षणका लागि विवेचनात्मक प्रश्न सारांश लेखन, कथा वा जीवनी लेखन, व्यावहारिक लेखनअन्तर्गत चिठी वा निवेदन लेखन, मनोवाद, संवाद वा वादविवाद लेखन, सप्रसङ्ग व्याख्या तथा सङ्क्षिप्त उत्तरात्मक जस्ता प्रश्नहरू समावेश गरी ६० प्रतिशत अङ्क छुट्याइएको पाइन्छ । वस्तुगत प्रश्नहरूको नजिक देखिने प्रश्नहरूमध्ये बोध प्रश्न, शब्दभण्डार, खाली ठाउँ भर्ने, वाक्यमा प्रयोग गर्ने, शुद्धीकरण गर्ने, शब्दवर्ग छुट्याउने, शब्द निर्माण गर्ने, सङ्केतका आधारमा खाली ठाउँ भर्ने, वाक्यमा परिवर्तन गर्ने जस्ता प्रकृतिका प्रश्नहरू ४० प्रतिशत अङ्क छुट्ट्याइएको देखिन्छ । यसरी

सुनाइ, बोलाइ सीपको परीक्षणको व्यवस्था छैन । प्रश्नपत्रहरूमा समाविष्ट प्रश्नहरूलाई हेर्दा पाठ्यक्रम अनुरूपता बनाउने प्रयास गरिएको पाइन्छ । पाठ्यक्रम र विशिष्टीकरण तालिकाअनुसार प्रश्नहरू निर्मित भएका छन् । प्रश्नहरूमा समाविष्ट प्रश्नका आधारमा विश्वसनीयता, वैधता, व्यावहारिकता जस्ता गुणहरू केही मात्रामा पाइए पनि पूर्ण रूपमा भने पाइदैनन् । प्रश्नपत्रमा प्रयुक्त भाषामा केही त्रुटि रहेपनि अर्थघातक त्रुटिहरू भने नपाइएकाले उपयुक्त नै मान्न सकिन्छ । भाषिक प्रश्नहरू भाषिक सीप र धारणासँग सम्बद्ध हुन्छन् । तसर्थ यिनैको विकास एवम् परीक्षणका लागि प्रशनपत्र बनाइनु पर्ने हो तर यहाँ लिखित परीक्षालाई मात्र परीक्षणको आधार बनाइएकोले भाषाका चार वटै सीपको पूर्ण रूपमा परीक्षण हुन सकेको देखिदैन ।

## ४.६ सारांश

भाषिक पक्षको संयोजन र सन्तुलन प्रश्नमा हुनुपर्ने गुण, भाषा र प्रश्नका अन्य पक्षँजस्ता कुराहरू आधारित हुने गर्दछन् । प्रश्नको उद्देश्यपरकता, प्रभावकारिता, स्तरयुक्तता, भाषिक सीप आदिको लेखाजोखा, प्रश्नपत्रको आन्तरिक पक्षहरूको अध्ययन गरेर मात्र गर्न सकिन्छ । विशिष्टीकरण तालिका अनुरूप २०६७ सालका प्रश्नहरू निर्माण गरिएको देखिन्छ । प्रतिनिधि प्रश्नमध्ये स्वतन्त्र रचनाअन्तर्गत जीवनी लेखनसम्बन्धी प्रश्नहरूमा पढाइ सीप र व्याकरण सीपको परीक्षा प्रश्न निर्माण गरी विभेदकारिता अपनाउन खोजेको पाइन्छ । भाषागत दृष्टिले प्रश्नपत्रहरू उपयुक्त नै देखिन्छन् । प्रतिनिधि प्रश्नहरूमा उत्पादनात्मक र पहिचानात्मक प्रकृतिका प्रश्नहरू अधिक देखिन्छन् ।

# अध्याय पाँच

# विशिष्टीकरण तालिकाअनुरूप प्रश्नहरूको अध्ययन

## ५.१ विषयवस्तु, विधा निर्देशन र स्पष्टीकरण अनुसार प्रश्नविन्यास

माध्यमिक शिक्षा पाठ्यक्रम २०५५ ले विधागत आधारमा अङ्क विभाजन गर्ने किसिमको निर्देशन दिए तापनि विधा स्पष्ट हुने गरी समय निर्धारण भने गरेको पाइदैन । समग्रमा पाठ्यपुस्तक शिक्षणका निम्ति पाठ्यपुस्तक तयार पारिएता पनि विधागत हिसाबले प्रश्नपत्रको विन्यास गरेको पाइँदैन । यस आधारमा २०६७ का प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा कक्षा १० को पाठ्यवस्तुमा मात्र आधारित रहेर देहायबमोजिमको विशिष्टीकरण तालिका अनुसार निर्दिष्ट भई प्रश्न निर्माण गरेको देखिन्छ ।

तालिकालाई परिशिष्टमा राखिएको छ ।

**५.२ विषयवस्तु विधा र निर्देशन स्पष्टीकरण अनुसार प्रतिनिधि प्रश्न २०६७ लाई निम्नानुसार देखाउन सकिन्छ :**

तालिकालाई परिशिष्टमा प्रस्तुत गरिएको छ ।

प्रतिनिधि प्रश्न २०६७ लाई हेर्दा विधागत रूपमा शब्दार्थ, शब्दज्ञान, वाक्यमा प्रयोग, शुद्धीकरण गर्ने, शब्दवर्ग, शब्दनिर्माण, काल, पक्ष र भाव, बोध प्रश्नोत्तर, बुँदाटिपोट र सारांश लेखन, कथा वा जीवनी लेखन, चिठी, वादविवाद, मनोवाद र संवाद, निबन्ध, प्रबन्ध, कविता, रूपक, तार्किकशील्प जस्ता विधाहरूलाई समावेश गरिएको पाइन्छ ।

माथिकै विधाका आधारमा स्पष्टीकरण पनि प्रश्नपत्रमा प्रयोग गरिएको पाइन्छ । प्रवेशिका प्रश्नपत्रले विशिष्टीकरण तालिकामा रहेका विधाहरूलाई स्पष्ट रूपमा आधारित बनी प्रश्नपत्र तयार पारिएको देखिन्छ ।

**५.३ प्रश्न सङ्ख्या, अङ्कभार र समय**

तालिकालाई परिशिष्टमा राखिएको छ ।

अङ्क विभाजन र समय निर्धारणले प्रश्नपत्रमा ठूलो महत्त्व राख्दछ । प्रश्नहरूको अङ्कअनुसार समय निर्धारण गरिने हुँदा यी दुबैको बीचमा सन्तुलन हुन जरूरी छ । समय र प्रश्न अङ्कका बीचमा सन्तुलन हुन सकेन भने बा□य वैधतामात्र होइन आन्तरिक वैधतापनि खल्बलिन सक्छ ।

प्रतिनिधि प्रश्नपत्र २०६७ मा निम्न किसिमको अङ्कभार र समय निर्धारण गरिएको पाइन्छ ।

विशिष्टीकरण तालिका र प्रवेशिका परीक्षा २०६७ का पाँच विकास क्षेत्रका प्रश्नपत्रलाई जस्ताको तस्तै परिशिष्टमा राखिएको छ ।

# अध्याय छ
# निष्कर्ष र सुझाव

## ६.१ निष्कर्ष

प्रतिनिधि प्रश्न २०६७ का सङ्कलित प्रश्नहरूको अध्ययन बा□य, आन्तरिक र विशिष्टीकरण तालिकाको आधारमा गरिएको छ । बा□य आधारका दृष्टिले निर्देशन, अङ्क विभाजन, समय निर्धारण, प्रस्तुति अनुक्रम प्रश्नको स्वरूप र भाषालाई प्रमुख आधार बनाइएको छ । ती आधार भित्र पनि अन्य उपआधारहरू तय गरिएका छन् । यस्तै आन्तरिक दृष्टिले अध्ययन गर्न पाठ्यक्रम अनुरूपता भाषिक पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नमा हुनुपर्ने गुण, प्रश्नका अन्य

पक्षहरूको र भाषालाई प्रमुख आधार बनाइएको छ । ती आधार भित्र पनि अन्य उपआधारहरू तय गरिएको छ । उक्त आधारहरूबाट प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा बा□य र आन्तरिक दुबै वैधताका दृष्टिले प्रश्नहरू कमजोर रहेका छन् ।

प्रवेशिका परीक्षा २०६७ को अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन शीर्षक शोधकार्य गर्नका लागि प्रमुख दुई आधारहरू आन्तरिक र बा□य आधारमा प्रश्नको विश्लेषण गरिएको छ ।

### ६.१.१ बा□य आधारमा २०६७ सालका प्रवेशिका प्रश्नपत्रको निष्कर्ष

(क) प्रतिनिधि प्रश्नपत्रमा अनिवार्य नेपाली मात्र लेखी तह खुलाइएको छैन । उक्त प्रश्नहरू प्रवेशिका परीक्षाका भएकाले एस.एल.सी. वा प्रवेशिका लेख्नुपर्नेमा लेखिएको छैन ।

(ख) २०६७ का प्रतिनिधि प्रश्न, पाँच विकास क्षेत्रका प्रश्नहरू विकल्प प्रश्नमा कुनैमा दिइएका प्रश्नहरूमध्ये भनेर दिइएको छ भने कुनै तलकामध्ये भनेर अस्पष्ट निर्देशन दिएको छ ।

(ग) २०६७ को प्रश्नपत्रमा 2067 (2011) अङ्ग्रेजीमा लेखिएकाले शीर्ष निर्देशनमा त्रुटि देखिन्छ ।

(घ) खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस्, दुईवटा पर्यायवाची, दुईवटा अनेकार्थी दिनुभन्दा १/१ वटा सोधेर अरू पाठ्यक्रम पूरा गर्दा राम्रो हुने, त्यसैले पाठ्यक्रममा सबै नसमेटिएको देखिन्छ ।

(ङ) प्रतिनिधि प्रश्नहरूमा अङ्क विभाजन र समय निर्धारण गर्दा प्रश्नै पिच्छे अङ्क विभाजन र समय निर्धारण राखिएको छैन तर विशिष्टीकरण तालिकाका आधारमा समयलाई ख्याल गरेर प्रश्न निर्माण गरिएको हुँदा समय नतोक्नुलाई अनुपयुक्त भन्न सकिदैन । अङ्कभारलाई हेरेर समय ख्याल गर्नुपर्ने देखिन्छ ।

(च) प्रतिनिधि प्रश्नहरूमा विधागत अङ्क विभाजन र विशिष्टीकरण तालिका अनुरूप गरिएको हुँदा यसमा समानता र उपयुक्तता रहेको पाइन्छ ।

(छ) प्रतिनिधि प्रश्नहरू पदयोग र पदवियोगसम्बन्धी त्रुटिहरू पनि देखिन्छ ।

(ज) त्यस्तै कतिपय प्रश्नपत्रमा बोधसामग्री एउटा पृष्ठमा र प्रश्न अर्को पृष्ठमा साथै जीवनी लेखनका बुँदाहरू पनि दुई पृष्ठमा दिइएका छन्, जुन प्रश्नपत्रको कमजोरी पक्ष हो ।

(झ) प्रश्नपत्रमा प्रयोग गरिएको कागज र छपाइ, सफाइ मध्यम खालको देखिन्छ ।

(ञ) प्रतिनिधि प्रश्नपत्रमा भाषासम्बन्धी कुरा गर्दा केही मात्रामा वर्णविन्यास, पदयोग र वियोग तथा चिन्ह प्रयोगसम्बन्धी त्रुटिहरू पाइएका छन् ।

(ट) प्रतिनिधि प्रश्नहरूमा नेपाली विषयको प्रश्नपत्र भए तापनि शीर्ष निर्देशन र पेज नं. जस्ता कुराहरूमा अङ्ग्रेजी भाषाको प्रयोग गरिएको पाइन्छ ।

### ६.१.२ आन्तरिक आधारमा

(क) निर्देशन रचना अन्तर्गत जीवनी लेखनसम्बन्धी प्रश्न समावेश गर्नु व्यावहारिक दृष्टिकोणले विद्यार्थीको क्षमता विकासको आधारमा सान्दर्भिक देखिदैन ।

(ख) विषयवस्तुको सीमा र प्रश्नको तालमेल मिलेको नै देखिन्छ ।

(ग) विधाअनुसार प्रश्नसङ्ख्या र अङ्कभार मिलेको देखिन्छ ।

(घ) कतिपय प्रश्नहरूमा स्पष्ट निर्देशनको अभावले गर्दा प्रश्नपत्रको विश्वसनीयता माथि नै शङ्का उत्पन्न भएको छ ।

(ङ) विषयगत वैधताका दृष्टिले कुनै प्रश्नपत्रलाई खोट लगाउने ठाउँ देखिदैन ।

(च) प्रश्नहरूलाई व्यावहारिक बनाउनका लागि हरसम्भव प्रयास गरिएको पाइन्छ ।

(छ) प्रतिनिधि प्रश्नपत्रमा पहिचानात्मक र उत्पादनात्मक दुबै प्रकृतिका प्रश्नहरू रहे पनि उत्पादनात्मक प्रकृतिका प्रश्नहरूको बाहुल्यता रहेको छ ।

### ६.१.३ विशिष्टीकरण तालिकाको आधारमा

(क) विशिष्टीकरण तालिकाको निर्देशनलाई प्रश्ननिर्माणमा प्रयोग गरिएको छ ।

(ख) विशिष्टीकरण तालिकाको क्षैत्र, क्रम, विधाले समेत प्रश्नपत्रमा स्थान पाएको छ ।

## ६.२ सुझावहरू

१. २०६७ लेखिनु पर्नेमा (2067) लेखिएको छ । अनिवार्य नेपालीको प्रश्नपत्र निर्माण गर्दा नेपाली भाषामा नै साल लेखिनु जरूरी देखिन्छ ।

२. प्रश्नको निर्देशन दिंदा कति र कस्तो प्रकृतिको उत्तर दिने भन्ने कुरा खुलाउनु पर्ने देखिन्छ ।

३. प्रत्येक विकास क्षेत्रका प्रश्नहरूमा विकल्प दिंदा समान प्रकृतिका र समान सङ्ख्यामा दिनु पर्दछ ।

४. सुनाइ र बोलाइ सीपको परीक्षण कक्षागत रूपमा निर्माणात्मक मूल्याङ्कनका आधारमा गरिने व्यवस्था भए पनि यसको व्यावहारिक परीक्षणका लागि निर्णयात्मक मूल्याङ्कन पनि व्यवस्था गर्नु जरूरी छ ।

५. प्रतिनिधि प्रश्नहरूमा कतिपय गलत चिन्हको प्रयोग भएको छ भने कति ठाउँमा कुनै चिन्ह नै राखिएको छैन । त्यसकारण चिन्ह प्रयोगमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

६. एउटै वर्षका प्रश्नहरू निर्माण गर्दा सबै विकास क्षेत्रका प्रश्नहरूमा विधागत समानता हुनु पर्दछ ।

७. भाषिक सीपमध्ये लेखाइ र पढाइ सीप परीक्षणका लागि बराबरी अङ्क विभाजन गर्नु राम्रो हुने देखिन्छ ।

८. प्रतिनिधि प्रश्नहरूको मुख्य भागलाई चम्किलो बनाउनु आवश्यक देखिन्छ ।

९. वस्तुगत प्रश्नले विषयवस्तुको व्यापकतालाई ओगट्ने हुँदा लिखित परीक्षणमा २० प्रतिशत वस्तुगत प्रश्न बनाइनु आवश्यक छ ।

१०. प्रश्नलाई सरलबाट जटिलताको अनुक्रममा राखिनु राम्रो हुन्छ ।

## ६.३ भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरू

१. भाषिक परीक्षणका लागि : एक अध्ययन

२. भाषा शिक्षँणमा परीक्षाको महत्त्व र आवश्यकता

३. नेपाली भाषाका स्तरयुक्त परीक्षा र शिक्षक निर्मित परीक्षाको तुलनात्मक अध्ययन

४. प्रवेशिका परीक्षा नेपाली भाषाका प्रश्नहरूको तथ्याङ्कशास्त्रीय आधारमा अध्ययन

५. प्रवेशिका परीक्षामा उपयोग गरिएका नेपाली प्रश्नहरूमा व्यावहारिक सीप परीक्षणको तुलनात्मक अध्ययन

# सन्दर्भग्रन्थसूची


अधिकारी, हेमाङ्गराज (२०६३), *भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार

आचार्य, दिलीपकुमार (२०५९), *कक्षा आठको नेपाली भाषाका प्रश्नहरूको विश्लेषण,* स्नातकोत्तर (अप्रकाशित शोधपत्र) काठमाडौं : त्रि.वि. शिक्षाशास्त्र सङ्काय, विश्वविद्यालय क्याम्पस कीर्तिपुर

खनिया, वुद्धराज र अन्य (२०६६), नेपाली भाषा शिक्षण, जुपिटर प्रकाशक तथा वितरक प्रा.लि., काठमाडौं

ज.ब.रा., स्वयम्प्रकाश र अन्य (२०५८), शिक्षामा मापन तथा मूल्याङ्कन, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार

न्यौपाने, विनोद (२०६१), *अध्ययन अनुमति पत्र,* काठमाडौं : बुद्ध एकेडेमिक पब्लिसर्स

पन्थ, नारायणप्रसाद (२०६१), *शिक्षाको दर्शनशास्त्रीय आधार,* काठमाडौं, बुद्ध एकेडेमिक पब्लिसर्स

पराजुली, तिर्थराज र अन्य (२०६५), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौं : सनलाइट प्रकाशन

पाठ्यक्रम विकास केन्द्र (२०६४), माध्यमिक शिक्षा पाठ्यक्रम, सानोठिमी, भक्तपुर

पाठ्यक्रम विकास केन्द्र (२०६५), एस.एल.सी. विशिष्टीकरण तालिका, सानोठिमी भक्तपुर

पाठ्यक्रम विकास केन्द्र (२०६६), नेपाली कक्षा १०, सानोठिमी भक्तपुर

पोखेल, भागवता (२०६५), प्रवेशिका परीक्षा २०६४ का अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन (अप्रकाशित एम.एड. शोधपत्र) काठमाडौं : त्रि.वि. शिक्षाशास्त्र सङ्काय

पौड्याल, माधवप्रसाद (२०५२), जिल्ला स्तरीय परीक्षा २०५१ मा उपयोग गरिएका कक्षा ८ को नेपाली भाषा विषयक प्रश्न्हरूको विश्लेषण (अप्रकाशित एम.एड. शोधपत्र) काठमाडौं : त्रि.वि. शिक्षाशास्त्र सङ्काय

बस्नेत, कमलबहादुर (२०६२), *जिल्ला स्तरीय परीक्षामा उपयोग गरिएका कक्षा ८ को भाषाका प्रश्नहरूको विश्लेषण,* अप्रकाशित शोधपत्र, काठमाडौं त्रि.वि. शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर कीर्तिपुर

लम्साल, रामचन्द्र (२०६६), *नेपाली भाषा शिक्षण,* भुँडी पुराण प्रकाशन, काठमाडौं

लामिछाने, यादवप्रकाश (२०६५), *नेपाली भाषा शिक्षण परिचय,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार

शर्मा, केदारप्रसाद र पौड्याल माधवप्रसाद (२०६६), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार

शर्मा एण्ड शर्मा (२०५६), *शिक्ष ँाको दर्शनशास्त्रीय आधार,* काठमाडौं, एम.के. पब्लिकेशन ।

# परिशिष्ट

१. विषयवस्तु, विधा र निर्देशन स्पष्टीकरण अनुसार प्रतिनिधि प्रश्न २०६७ लाई निम्नानुसार देखाइएको छ ।

## विशिष्टीकरण तालिका

| क्र.सं. | क्षेत्र (पढाइ र लेखाइ | विधा परीक्षणीय पक्ष | ज्ञान | बोध | व्यावहारिक सीप | उच्च दक्षता | प्रश्न सङ्ख्या, अङ्कभार र समय | | | | स्पष्टीकरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | जम्मा प्रश्न | उत्तर दिनुपर्ने प्र. सङ्ख्या | अङ्क भार | समय मिनेटमा | |
| १ | शब्दभण्डार | शब्दार्थ | १ | | | | १ | १ | ४ | ७ | पाठमा प्रयोग भएका कुनै आठ वटा (तत्सम ४, तद्भव २ र आगन्तुक २) शब्द र अर्थ दिई जोडा मिलाउन लगाउने । |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शब्दज्ञान | | १ | | | | १ | १ | ३ | ५ | पाठमा प्रयुक्त अनेकार्थीबाट २, पर्यायवाचीबाट २, विपरीतार्थीबाट १ र श्रुतिसमभिन्नार्थीबाट १ गरी जम्मा ६ वटा शब्द निर्देश वा सङ्केत बमोजिम लेख्न लगाउने । |
| | वाक्यमा प्रयोग | | | | १ | | १ | १ | ५ | ९ | पाठमा प्रयुक्त विभिन्न प्रकृतिका शब्द ( अनुकरणात्मक शब्द १, पारिभाषिक शब्द १, उखान १, टुक्का १ र निपात १ दिई वाक्यमा प्रयोग गर्न लगाउने |
| २ | हिज्जे ( वर्णविन्यास) र लेख्यचिन्ह | शुद्धीकरण | | | १ | | १ | १ | ३ | ५ | एउटा शब्दमा एउटा मात्र अशुद्धि पर्ने गरी वर्णविन्यास चार वटा (ह्रस्वदीर्घ, पदयोग, पदवियोग) र लेख्यचिन्ह दुईवटा पर्ने गरी ६ वटा अशुद्धि भएको गद्यांश दिई शुद्ध गर्न लगाउने । |
| | | | | | १ | | १ | १ | २ | ४ | ह्रस्वदीर्घ, श-ष-स, ब-व र पञ्चम वर्णबाट चारवटा बहुवैकल्पिक प्रश्न सोध्ने । |
| ३ | व्याकरण | शब्दवर्ग | | | १ | | १ | १ | ४ | ७ | आठ वटा विभिन्न शब्दवर्गका शब्द रेखाङ्कन गरी छुट्याउन लगाउने । पदवर्ग छुट्याउँदा नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात नै लेख्नुपर्ने । |
| | | शब्दनिर्माण | | | १ | | १ | १ | २ | ३ | दुईवटा उपसर्ग र दुईवटा प्रत्यय सोधी शब्दनिर्माण गर्न लगाउने वा चारवटा शब्द दिई आधार पद छुट्याउन लगाउने । |
| | | | | | १ | | १ | १ | २ | ३ | समासबाट दुईवटा र विग्रहबाट दुईवटा प्रश्न सोधी समास वा विग्रह गर्न लगाउने । |
| | | काल, पक्ष र भाव | | | १ | | १ | १ | ५ | ९ | काल र पक्षबाट तीनवटा र भावबाट दुईवटा धातु सङ्केत गरी पाँचवटा वाक्यका खाली ठाउँ भर्न लगाउने । |
| ४ | बोध ( अदृष्टांश) | बोध प्रश्नोत्तर | | १ | | | १ | १ | ५ | ९ | विभिन्न लेख रचनाबाट १५० शब्दसम्मको अदृष्टांश गद्यांश दिई त्यससम्बन्धी एक वा दुई वाक्यमा उत्तर आउने खालका कुनै पाँच प्रश्न सोध्ने । |
| ५ | बुँदाटिपोट र सारांश ( दृष्टांश) | बुँदाटिपोट र सारांशलेखन | | | | १ | १ | १ | ५ | ९ | गद्य विधाका पाठबाट १५० शब्दसम्मको गदांश दिई बुँदा टिपोट गरेर सारांश लेख्न लगाउने । |
| ६ | निर्देशित रचना | कथा वा जीवनी लेखन | | | | १ | १ | १ | ५ | ९ | बुँदा दिई कथा र जीवनीबाट दुई प्रश्न सोधी कुनै एक गर्न लगाउने । |
| ७ | व्यवहारिक लेखन | चिठी | | | १ | | १ | १ | ५ | ९ | व्यापारिक वा व्यक्तिगत वा निवेदन क्षेत्रमध्येबाट चिठी लेख्न लगाउने । |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | स्तन्त्र रचना | वादविवाद, संवाद र मनोवाद | | | | २ | २ | १ | ५ | ९ | वादविवाद, संवाद र मनोवादमध्येबाट दुई प्रश्न सोधी कुनै एक प्रश्नको उत्तर लेख्न लगाउने । |
| | | निबन्ध | | | | १ | १ | १ | १० | १८ | आत्मपरक एउटा र वस्तुपरक दुईवटा पर्ने गरी कुनै तीन शीर्षक दिने र तीमध्ये कुनै एक शीर्षकमा २०० शब्दमा नघटाई निबन्ध लेख्न लगाउने |
| ९ | सप्रसङ्ग व्याख्या | कथा, कविता, निबन्ध/ प्रबन्ध, जीवनी | | | | २ | २ | १ | ५ | ९ | फरक फरक विधाबाट दुई विशिष्ट पङ्क्ति दिई कुनै एकको प्रसङ्ग सहित व्याख्या गर्न लगाउने । |
| १० | पाठगत प्रश्नोत्तर ( सङ्क्षिप्त उत्तरात्मक) | कथा, कविता, निबन्ध/ प्रबन्ध, रूपक, जीवनी | १ | २ | | १ | ३ | २ | १० | १८ | निर्धारित विधाहरू कथा, कविता, निबन्त्र/प्रबन्ध, रूपक, जीवनीबाट मूल भाव, घटना, सन्देश, चरित्र आदिका सम्बन्धमा तीनवटा सङ्क्षिप्त उत्तरात्मक प्रश्न सोधी दुईवटाको उत्तर दिन लगाउने । |
| | | तार्किक शिल्प | | | | १ | १ | १ | ५ | ९ | निर्धारित विधाका कुनै प्रसङ्ग दिई विचार तथा तर्कले पुष्टि गर्ने खालको प्रश्न सोध्ने । |
| ११ | विवेचना | कथा, कविता, निबन्ध/ प्रबन्ध, जीवनी | | | | २ | २ | १ | १० | २० | कथा, जीवनी र निबन्ध/प्रबन्धमध्ये कुनै दुई विधाबाट विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गर्ने खालका दुई प्रश्न सोधी एक प्रश्नको उत्तर दिन लगाउने |
| | जम्मा | | ३ | ३ | ९ | ११ | २५ | २१ | १०० | ३ घण्टा | |

द्रष्टव्य :

(क) ज्ञान : विशिष्ट तथ्य, पुन:स्मरण, प्राप्त सूचना र प्रतिक्रियाको मूल्याङ्कन गर्ने खालका निर्णयात्मक ज्ञानसम्बद्ध प्रश्नहरू यसअन्तर्गत सोधिने छन् ।

(ख) बोध : विद्यार्थीले सिकेका कुराहरूको व्याख्या र वर्णन गर्ने क्षमताको मूल्याङ्कन गर्ने खालका प्रश्नहरू यस अन्तर्गत सोधिने छन् ।

(ग) व्यावहारिक सीप : यसमा प्रयोग गर्ने र संयोजन गर्ने जस्ता व्यावहारिक क्षमतासम्बन्धी प्रक्रियागत र अवस्थागत ज्ञानसम्बद्ध प्रश्नहरू सोधिने छन् ।

(घ) उच्च दक्षता : विचारको संयोजन र मूल्याङ्कन गर्ने क्षमतासम्बन्धी कार्यात्मक ज्ञानसम्बद्ध प्रश्न्हरू यसअन्तर्गत सोधिने छन् (स्रोत : विशिष्टीकरण तालिका २०५५) ।

## २. विषयवस्तु विधा र निर्देशन स्पष्टीकरण अनुसार प्रतिनिधि प्रश्न २०६७ लाई निम्नानुसार देखाउन सकिन्छ :

**विषय : अनिवार्य नेपाली विशिष्टीकरण तालिका पूर्णाङ्क : १००**

| क्र.सं. | क्षेत्र (पढाइ र लेखाइ) | विधा/परीक्षणीय पक्ष | स्पष्टीकरण |
|---|---|---|---|
| १ | शब्दभण्डार | शब्दार्थ | पाठमा प्रयोग भएका कुनै आठ वटा (तत्सम ४, तद्भव २ र आगन्तुक २) शब्द र अर्थ दिई जोडा मिलाउन लगाउने । |
| | | शब्द ज्ञान | पाठमा प्रयुक्त अनेकार्थीबाट २, पर्यायवाचीबाट २, विपरीतार्थीबाट १ र श्रुतिसमभिन्नार्थीबाट १ गरी जम्मा ६ वटा शब्द निर्देश वा सङ्केत बमोजिम लेख्न लगाउने । |
| | | वाक्यमा प्रयोग | पाठमा प्रयुक्त विभिन्न प्रकृतिका शब्द (अनुकरणात्मक शब्द १, पारिभाषिक शब्द १, उखान १, टुक्का १ र निपात १ दिई वाक्यमा प्रयोग गर्न लगाउने |
| २ | हिज्जे (वर्णविन्यास) र लेख्यचिन्ह | शुद्धीकरण | एउटा शब्दमा एउटा मात्र अशुद्धि पर्ने गरी वर्णविन्यास चार वटा (ह्रस्वदीर्घ, पदयोग, पदवियोग) र लेख्यचिन्ह दुईवटा पर्ने गरी ६ वटा अशुद्धि भएको गद्यांश दिई शुद्ध गर्न लगाउने । |
| | | | ह्रस्वदीर्घ, श-ष-स, ब-व र पञ्चम वर्णबाट चारवटा बहुवैकल्पिक प्रश्न सोध्ने । |
| ३ | व्याकरण | शब्दवर्ग | आठ वटा विभिन्न शब्दवर्गका शब्द रेखाङ्कन गरी छुट्याउन लगाउने । पदवर्ग छुट्याउँदा नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात नै लेख्नुपर्ने । |
| | | शब्दनिर्माण | दुईवटा उपसर्ग र दुईवटा प्रत्यय सोधी शब्दनिर्माण गर्न लगाउने वा चारवटा शब्द दिई आधार पद छुट्याउन लगाउने । |
| | | | समासबाट दुईवटा र विग्रहबाट दुईवटा प्रश्न सोधी समास वा विग्रह गर्न लगाउने । |
| | | काल, पक्ष र भाव | काल र पक्षबाट तीनवटा र भावबाट दुईवटा धातु सङ्केत गरी पाँचवटा वाक्यका खाली ठाउँ भर्न लगाउने । |
| ४ | बोध (अदृष्टांश) | बोध प्रश्नोत्तर | विभिन्न लेख रचनाबाट १५० शब्दसम्मको अदृष्टांश गद्यांश दिई त्यससम्बन्धी एक वा दुई वाक्यमा उत्तर आउने खालका कुनै पाँच प्रश्न सोध्ने । |
| ५ | बुँदाटिपोट र सारांश (दृष्टांश) | बुँदाटिपोट र सारांशलेखन | गद्य विधाका पाठबाट १५० शब्दसम्मको गदांश दिई बुँदा टिपोट गरेर सारांश लेख्न लगाउने । |
| ६ | निर्देशित रचना | कथा वा जीवनी लेखन | बुँदा दिई कथा र जीवनीबाट दुई प्रश्न सोधी कुनै एक गर्न लगाउने । |
| ७ | व्यवहारिक लेखन | चिठी | व्यापारिक वा व्यक्तिगत वा निवेदन क्षेत्रमध्येबाट चिठी लेख्न लगाउने । |
| ८ | स्वतन्त्र रचना | वादविवाद, संवाद र मनोवाद | वादविवाद, संवाद र मनोवादमध्येबाट दुई प्रश्न सोधी कुनै एक प्रश्नको उत्तर लेख्न लगाउने । |

| | | | |
|---|---|---|---|
| | | निबन्ध | आत्मपरक एउटा र वस्तुपरक दुईवटा पर्ने गरी कुनै तीन शीर्षक दिने र तीमध्ये कुनै एक शीर्षकमा २०० शब्दमा नघटाई निबन्ध लेख्न लगाउने |
| ९ | सप्रसङ्ग व्याख्या | कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी | फरक फरक विधाबाट दुई विशिष्ट पङ्क्ति दिई कुजै एकको प्रसङ्ग सहित व्याख्या गर्न लगाउने । |
| १० | पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्मक) | कथा, कविता, निबन्ध/प्रबन्ध, रूपक, जीवनी | निर्धारित विधाहरू कथा, कविता, निबन्त्र/प्रबन्ध, रूपक, जीवनीबाट मूल भाव, घटना, सन्देश, चरित्र आदिका सम्बन्धमा तीनवटा सङ्क्षिप्त उत्तरात्मक प्रश्न सोधी दुईवटाको उत्तर दिन लगाउने । |
| | | तार्किक शिल्प | निर्धारित विधाका कुनै प्रसङ्ग दिई विचार तथा तर्कले पुष्टि गर्ने खालको प्रश्न सोध्ने । |
| ११ | विवेचना | कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी | कथा, जीवनी र निबन्ध/प्रबन्धमध्ये कुनै दुई विधाबाट विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गर्ने खालका दुई प्रश्न सोधी एक प्रश्नको उत्तर दिन लगाउने |

द्रष्टव्य :

(क) ज्ञान : विशिष्ट तथ्य, पुन:स्मरण, प्राप्त सूचना र प्रतिक्रियाको मूल्याङ्कन गर्ने खालका निर्णयात्मक ज्ञानसम्बद्ध प्रश्नहरू यसअन्तर्गत सोधिने छन् ।

(ख) बोध : विद्यार्थीले सिकेका कुराहरूको व्याख्या र वर्णन गर्ने क्षमताको मूल्याङ्कन गर्ने खालका प्रश्नहरू यस अन्तर्गत सोधिने छन् ।

(ग) व्यावहारिक सीप : यसमा प्रयोग गर्ने र संयोजन गर्ने जस्ता व्यावहारिक क्षमतासम्बन्धी प्रक्रियागत र अवस्थागत ज्ञानसम्बद्ध प्रश्नहरू सोधिने छन् ।

(घ) उच्च दक्षता : विचारको संयोजन र मूल्याङ्कन गर्ने क्षमतासम्बन्धी कार्यात्मक ज्ञानसम्बद्ध प्रश्न्हरू यसअन्तर्गत सोधिने छन् (स्रोत : विशिष्टीकरण तालिका २०५५) ।

## ३. प्रश्न सङ्ख्या, अङ्कभार र समय

**विषय : अनिवार्य नेपाली          विशिष्टीकरण तालिका          पूर्णाङ्क : १००**

| क्र.सं. | क्षेत्र (पढाइ र लेखाइ | विधा परीक्षणीय पक्ष | प्रश्न सङ्ख्या, अङ्कभार र समय | | | |
|---|---|---|---|---|---|---|
| | | | जम्मा प्रश्न | उत्तर दिनुपर्ने प्र. सङ्ख्या | अङ्कभार | समय मिनेटमा |
| १ | शब्दभण्डार | शब्दार्थ | १ | १ | ४ | ७ |
| | शब्दज्ञान | | १ | १ | ३ | ५ |
| | वाक्यमा प्रयोग | | १ | १ | ५ | ९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | हिज्जे (वर्णविन्यास) र लेख्यचिन्ह | शुद्धीकरण | १ | १ | ३ | ५ |
| | | | १ | १ | २ | ४ |
| ३ | व्याकरण | शब्दवर्ग | १ | १ | ४ | ७ |
| | | शब्दनिर्माण | १ | १ | २ | ३ |
| | | | १ | १ | २ | ३ |
| | | काल, पक्ष र भाव | १ | १ | ५ | ९ |
| ४ | बोध (अदृष्टांश) | बोध प्रश्नोत्तर | १ | १ | ५ | ९ |
| ५ | बुँदाटिपोट र सारांश (दृष्टांश) | बुँदाटिपोट र सारांशलेखन | १ | १ | ५ | ९ |
| ६ | निर्देशित रचना | कथा वा जीवनी लेखन | १ | १ | ५ | ९ |
| ७ | व्यवहारिक लेखन | चिठी | १ | १ | ५ | ९ |
| ८ | स्तन्त्र रचना | वादविवाद, संवाद र मनोवाद | २ | १ | ५ | ९ |
| | | निबन्ध | १ | १ | १० | १८ |
| ९ | सप्रसङ्ग व्याख्या | कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी | २ | १ | ५ | ९ |
| १० | पाठगत प्रश्नोत्तर ( सङ्क्षिप्त उत्तरात्मक) | कथा, कविता, निबन्ध/प्रबन्ध, रूपक, जीवनी | ३ | २ | १० | १८ |
| | | तार्किक शिल्प | १ | १ | ५ | ९ |
| ११ | विवेचना | कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी | २ | १ | १० | २० |
| | जम्मा | | २५ | २१ | १०० | ३ घण्टा |